# प्राथमिक विद्यालयमा विद्यार्थीभर्नाको स्थिति र शिक्षण–सिकाइमा यसको प्रभाव

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह द्वितीय

बर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आवश्यकता

परिपूर्तिका लागि तयार पारिएको

**शोधपत्र**


प्रस्तुतकर्ता

नाम : वेणु काफ्ले

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी


२०७१


परीक्षा रोल नं. २१८०११०/२०६६

त्रि.वि. दर्ता नं. २३०१३–९०

शोधपत्र दर्ता मिति : २७।१०।२०१४

शोधपत्र स्वीकृत मिति : ०८।०१।२०१५

# जनता बहुमुखी क्याम्पस

## इटहरी सुनसरी

स्थापित : २०४५

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )

बिज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय

प.स. मिति : २७११०।२०१४

च.नं.

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीको पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय लिई स्नातकोत्तर तह द्वितीय वर्षको को आंशिक आवश्यकता पूरा गर्नका लागि छात्रा श्री वेणु काफ्लेले **प्राथमिक विद्यालयमा विद्यार्थी भर्नाको स्थिति र शिक्षण सिकाइमा यसको प्रभाव** शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार पार्नुभएको हो । मैले निर्दिष्ट गरेको शोध ढाँचामा तयार गरिएको उक्त शोधकार्य निजको आफ्नो स्वतन्त्र अध्ययनको परिणाम हो । निज शोधकर्ताको यस कार्यप्रति म सन्तुष्ट भएकाले आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा प्रस्तुत गर्न सिफारिस गर्दछु ।

....................

शान्तिराम दाहाल

शोध निर्देशक

# जनता बहुमुखी क्याम्पस

## इटहरी सुनसरी

स्थापित : २०४५

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )

बिज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय

प.स. मिति :

च.नं.

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय जनता बहुमुखी क्यम्पस, इटहरी सुनसरी, शिक्षाशास्त्र संकाय अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्रा श्री वेणु काफ्लेले उक्त तहको द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि तयार गर्नु भएको प्राथमिक विद्यालयमा विद्यार्थी भर्ना स्थिति र शिक्षण सिकाइमा यसको प्रभाव शीर्षकको शोधपत्र शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

### मूल्याङ्कन समिति

१. श्री टोलनाथ काफ्ले

विभागीय प्रमुख

२. श्री शान्तिराम दाहाल

शोध निर्देशक

३ श्री कुलनरसिंह श्रेष्ठ

वाह्य परीक्षक

# कृतज्ञता-ज्ञापन

**प्राथमिक विद्यालयमा विद्यार्थी भर्नाको स्थिति र शिक्षण सिकाइमा यसको प्रभाव** शीर्षकको शोधकार्य गर्नका लागि अवसर प्रदान गर्नुहुने शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, जनता बहुमुखी क्याम्पस, इटहरीप्रति आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्रको प्रस्ताव लेखन कार्यदेखि शोधपत्र लेखन कार्यसम्म आफ्नो अमूल्य सहयोग, सल्लाह, सुझाव एवं निर्देशनका साथै हौसला र प्रेरणा प्रदान गर्नुहुने आदरणीय शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागीय प्रमुख श्री टोलनाथ काफ्लेज्यू तथा शोध निर्देशक श्री शान्तिराम दाहालज्यूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

अनुसन्धानका समयमा सूचना तथा तथ्याङ्क संकलनमा सहयोग गर्नुहुने प्र.अ., शिक्षक, वि.नि., स्रोत व्यक्ति, स्थानीय व्यक्ति तथा अभिभावकहरू साथै विद्यार्थी भाइबहिनीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । तथ्याङ्क सङ्कलन तथा भाषापरिमार्जन लगायत शोधलेखनका कार्यमा आइपरेका सम्पूर्ण कार्यहरुमा पूर्ण रुपले सहयोग गर्नुहुने जीवनसाथी प्रा.डा. भीम खतिवडा, शोधकार्यका लागि समय उपलब्ध गराइदिनुहुने आमा इन्द्रकुमारी खतिवडा, अध्ययनका लागि हौसला प्रदान गर्ने दाजु मोहनप्र. काफ्ले, भाइहरु डा. भूषण काफ्ले तथा अलंकार काफ्ले, छोराछोरीहरु विक्रम, आसरा र अनुज्ञा खतिवडाप्रति आभारी छु ।

मेरो अध्ययनकार्यका लागि सल्लाह, हौसला र सहयोग प्रदान गर्नुहुने श्री शिक्षासदन उच्च मा.वि.धरानका निवर्तवान प्राचार्य श्री अम्बिकाकुमार सम्बाहाम्फे, वर्तमान प्राचार्य श्री गोपालप्रसाद पौडेल, सहप्राचार्यद्वय श्री प्रदीपकुमार भण्डारी तथा श्री गोपीकृष्ण खतिवडा, शिक्षक मित्रहरु अमर बस्नेत, अशोक पोखेल, भीम खवास, कुलप्रदीप दाहाल, मधु राई, रामेश्वर चौधरी, अनिता बराल, बुद्धसागर सुवेदी, विष्णु वियोगी, योगेन्द्र पालुङ्वालगायत सम्पूर्ण सहयोगी महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

वेणु काफ्ले

# शोधसार

**प्राथमिक विद्यालयमा विद्यार्थी भर्ना स्थिति र शिक्षण सिकाइमा यसको प्रभाव** शीर्षकमा गरिएको प्रस्तुत शोध अध्ययनमा पाँचवटा परिच्छेदहरू छन् । पहिलो परिच्छेदमा सामुदायिक प्राथमिक विद्यालयको भर्ना र विद्यार्थीले विद्यालय छोड्ने दर पत्ता लगाउनु, विद्यार्थीहरूले विद्यालय छोड्ने कारणहरु पत्ता लगाउनु तथा विद्यार्थीहरुको सङ्ख्याले शिक्षण सिकाइको अवस्थामा पारेको प्रभाव पत्ता लगाउनु जस्ता उद्देश्यहरू निर्धारण गरेर अनुसन्धानको बाटो तय गरिएको छ । दोस्रो परिच्छेदमा पूर्वकार्यहरूको समीक्षा गर्दै पुनरवलोकनको उपादेयतालाई प्रष्ट्याउँदै यस शोधकार्यको निम्ति अब्राहम मास्लोको उत्प्रेरणा सिद्धान्त र फ्रेडरिक हर्जबर्गको उत्प्रेरणा आरोग्य सिद्धान्तलाई आधार बनाएर अध्ययनको अवधारणात्मक संरचना प्रस्तुत गरिएको छ ।

यस अध्ययनको तेस्रो परिच्छेमा अनुसन्धानको लागि परिमाणात्मक तथा गुणात्मक विधिको प्रयोग सम्बन्धी अध्ययनको ढाँचा प्रस्तुत गरी अध्ययनका निम्ति नमुना छनौट, तथ्याङ्क संकलन  प्रक्रिया, तथ्याङ्क संकलनका साधानहरुको निर्माण, तथा तिनको वैधता तथा संकलन प्रक्रिया सम्बन्धी पक्षहरू समावेश गरिएको छ भने शोधपत्रको चौथो परिच्छेदमा अध्ययनको मुख्य  विषयलाई वस्तुगत विश्लेषणद्वारा सम्पादान गरिएको छ । विशेष गरी यस परिच्छेदमा प्राथमिक विद्यालयको विद्यार्थी भर्ना स्थिति र तिनले विद्यालय छाड्नेदर सम्बन्धमा विश्लेषण गर्न विद्यालयीय तथ्याङ्कहरुको प्रयोग गरिएको छ । यसमा भौतिक सुविधा, शैक्षिक सामग्री, अतिरिक्त क्रियाकलापतथा अभिभावको आर्थिक स्थिति जस्ता कारणहरुले प्राथमिक विद्यालयमा विद्यार्थी भर्ना दरमा प्रभाव परेको कुरा स्पष्ट पारिएको छ ।

शोधपत्रको पाँचौ तथा अन्तिम परिच्छेदमा अध्ययनको सारसंक्षेप, निष्कर्ष तथा उपयोगिताहरुलाई समावेश गरिएको छ । समग्रमा वर्तमान समयमा सामुदायिक प्रा.वि.हरुमा विद्यार्थीहरुको भर्ना दरमा ह्रास आइरहेको निष्कर्ष उपस्थापन गर्दै यसका कारणहरुको विश्लेषणमा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । विद्यालयको भर्नावस्थामा सुधार ल्याउनका सम्बद्ध सबैले सचेतप्रयत्न गर्नुपर्ने निष्कर्ष यस अध्ययनले निकालेको छ ।

# विषयसूची


| | |
|---|---|
| शीर्षक | |
| सिफारिस | I |
| स्वीकृतिपत्र | II |
| कृतज्ञताज्ञापन | III |
| शोधसार | IV |
| विषयसूची | V |
| तालिकासूची | VII |
| चित्रसूची | IX |
| संक्षिप्त शब्दको पूरा रूप | X |

**परिच्छेद एक**

**परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.१.१ विभिन्न शिक्षा आयोगहरूद्वारा प्राथमिक शिक्षासम्बन्धी गरेका सिफारिसहरू | २ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनको उद्देश्य | ७ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ८ |
| १.६ अध्ययनको महत्व | ८ |
| १.७ अध्ययनको परिसीमा | ९ |
| १.८ परिभाषित शब्दावली | ९ |

**परिच्छेद दुई**

**साहित्यको पुनरवलोकन**

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरवलोकन | ११ |
| २.२ पुनरवलोकनको उपादेयता | १५ |
| २.३ अध्ययनको सैद्धान्तिक तथा अवधारणा अवधारणात्मक ढाँचा | १५ |
| २.३.१ उत्प्रेरणा सिद्धान्त | १६ |

२.३.२ उत्प्रेरणा आरोग्य सिद्धान्त १७

२.३.३ भर्नावस्थाको अवधारणात्मक ढाँचा १८

२.३.४ सुधारको अवधारणात्मक ढाँचा १९

**परिच्छेद ३**

**अनुसन्धान विधि**

३.१ अध्ययनको ढाँचा २०

३.२ अध्ययनको जनसङ्ख्या २१

३.३ नमुना छनौट २१

३.३.१ जिल्ला छनौट २१

३.३.२ विद्यालय र प्र.अ.छनौट २१

३.३.३ शिक्षक र विद्यार्थी छनौट २१

३.३.४ अभिभावक तथा स्थानीय व्यक्ति २२

३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरु २२

३.४.१ प्राथमिक स्रोतहरू २२

३.४.२ सहायक स्रोतहरू २२

३.५ तथ्याङ्क सङ्कलनका साधनहरूको निर्माण २२

३.५.१ अन्तरवार्ता सूची २२

३.५.२ लक्षित समूह छलफल निर्देशिका २३

३.५.३ रुजु सूची २३

३.६ साधनको वैधता २३

३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया २४

**परिच्छेद चार**

**नतिजा र ब्याख्या**

४.१ सामुदायिक प्राथमिक विद्यालयको भर्ना र विद्यार्थीले विद्यालय छोड्ने दरको अवस्था २५

४.१.१ विद्यार्थी भर्नाको अवस्था २६

४.१.२ विद्यार्थी भर्नामा कमी आउनका कारणहरु ३२

४.१.३ भर्नादर बढाउन गरिएका प्रयासहरु ३३
४.२ विद्यालय छाड्ने दर ३४
४.३ सामुदायिक प्राथमिक विद्यालयको विद्यार्थीहरुले विद्यालय छोड्न कारणहरू ३६
४.४ विद्यार्थी भर्नाले सिकाइमा पारेको प्रभाव ४०
४.५ सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थीहरुको सङ्ख्याले शिक्षण सिकाइको अवस्थामा पारेको प्रभाव ४७

**परिच्छेद पाँच**

**सारसंक्षेप, निष्कर्ष र उपयोगिता**

५.१ सारसंक्षेप ५२
५.२ निष्कर्ष ५३
५.३ उपयोगिता ५४
५.३.१ नीति निर्माणका तहमा ५५
५.३.२ कार्यान्वयनका तहमा ५५
५.३.३ पछिल्ला अनुसन्धानहरूका लागि ५६
**सन्दर्भग्रन्थसूची** ५७
**अनुसूचीहरू**

# तालिकासूची


| | | |
|---|---|---|
| तालिका नं. १ | जनता प्रा.वि., पाँचकन्याको विद्यार्थी भर्ना अभिलेख | २७ |
| तालिका नं. २ | रणदेवी प्रा.वि. पाँचकन्याको विद्यार्थी भर्ना अभिलेख | २८ |
| तालिका नं. ३ | जनता प्रा.वि. धरानको विद्यार्थी भर्ना अभिलेख | २८ |
| तालिका नं. ४ | राम-जानकी प्रा.वि. भरौलको विद्यार्थी भर्ना अभिलेख | २९ |
| तालिका नं. ५ | जलदेवी प्रा. वि., बराहक्षेत्रको विद्यार्थी भर्ना अभिलेख | २९ |
| तालिका नं. ६ | विद्यार्थी भर्नाको तुलनात्मक अवस्था | ३० |
| तालिका नं. ७ | विद्यालय छाड्ने दर | ३४ |
| तालिका नं. ८ | जनता प्रा.वि. पाँचकन्यामा विद्यार्थी भर्नाले सिकाइमा पारको प्रभाव | ४१ |
| तालिका नं. ९ | रणदेवी प्रा.वि. पाँचकन्यामा विद्यार्थी भर्नाले सिकाइमा पारको प्रभाव | ४२ |
| तालिका नं. १० | जनता प्रा.वि. धरानमा विद्यार्थी भर्नाले सिकाइमा पारको प्रभाव | ४३ |
| तालिका नं. ११ | रामजानकी प्रा.वि. भरौलमा विद्यार्थी भर्नाले सिकाइमा पारको प्रभाव | ४४ |
| तालिका नं. १२ | जलदेवी प्रा.वि. वराहक्षेत्रमा विद्यार्थी भर्नाले सिकाइमा पारको प्रभाव | ४५ |
| तालिका नं. १३ | विद्यार्थी भर्नाले शिक्षण सिकाइमा पारेको प्रभावको तुलनात्मक अध्ययन | ४६ |
| तालिका नं. १४ | सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थीहरुको संख्याले शिक्षण सिकाइको अवस्थामा पारेको प्रभाव | ४८ |

# चित्रसूची

चित्र नं. १ विद्यार्थी भर्नाको तुलनात्मक अवस्था ३१

चित्रनं. २ विद्यालय छाड्ने दर ३५

चित्र नं. ३ सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थीहरुको सङ्ख्याले शिक्षण सिकाइको अवस्थामा पारेको प्रभाव ४९

# संक्षिप्त शब्दहरूको पूरा रूप

| | | |
|---|---|---|
| गा.वि.स. | : | गाउँ विकास समिति |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| न.पा. | : | नगरपालिका |
| प्र.अ. | : | प्रधानाध्यापक |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| वि. नि. | : | विद्यालय निरीक्षक |
| शै. सा. | : | शैक्षिक सामग्री |
| स.का. | : | बाल विकास सञ्चालनका लागि व्यवस्था गरिएका सहयोगी कार्यकर्ता |

# परिच्छेद एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा विकासको मेरुदण्ड हो । शिक्षाले मानिसमा ज्ञान, सिप र दक्षतामा अभिवृद्धि गराउँदछ, जसले मानव जीवनलाई सुखी र समृद्ध बनाउँछ । तसर्थ शिक्षाको विकास भन्नु नै राष्ट्रको विकास हो । जबसम्म शिक्षाको विकास हुँदैन तबसम्म राष्ट्रको विकास सम्भव हुँदैन । सबै नागरिकलाई सुखी र समृद्ध बनाउदै देश विकासका लागि राष्ट्रले ठूलो धनराशी शिक्षाक्षेत्रको विकासमा लगानी गरेको छ ।

मानवविकासको प्रारम्भदेखि नै मानिसले आफ्ना आवश्यकताहरू पूरा गर्नका लागि विभिन्न किसिमका ज्ञान, सिप र प्रविधि आदिको आवश्यकता महसुस गर्दै आएको पाइन्छ । मानिसका ती आवश्यकताहरूको परिपूर्तिका लागि शिक्षा अग्रस्थानमा रहेको पाइन्छ । त्यसैले शिक्षाको विकास मानवसभ्यताको विकाससँगै कुनै न कुनै रूपमा भएको पाइन्छ । त्यसबेलाको शिक्षामा व्यक्तिगत आचरण, नैतिक शिक्षाजस्ता विषयहरू कतै आमाबाबुबाट छोराछोरीमा त कतै गुरुकुलमा रहेका गुरुहरूद्वारा त्यहाँ गएर पढ्न चाहने शिष्यहरूमा समावेश गरिएको पाइन्छ (शिवाकोटी, २०६२) ।

नेपालमा औपचारिक शिक्षाको थालनी वि.सं.१९१० मा तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले बेलायतबाट फर्किएपछि थापाथली दरबारमा स्थापना गरेको विद्यालय (जसलाई दरबार स्कुलका नामले चिनिन्छ) बाट भएको हो । त्यसपछि जंगबहादुरकै पालामा देशमा विभिन्न स्थानमा हिन्दु, बौद्ध र इस्लाम धर्मावलम्वीहरूको आ-आफ्नो धर्मको प्रचारप्रसार र विस्तारमा समेत सहयोग पुग्ने उद्देश्य राखेर संस्कृत, प्राकृत, पाली, उर्दू, अरवी आदि भाषाहरू पढाइ हुने विद्यालय, पाठशाला वा मदरसाहरू खुलेको पाइन्छ । राणा प्रधानमन्त्री देवसमशेरका पालामा लगभग १५० वटा जति भाषा पाठशालाहरू खुले, जसमा जयपृथ्वीबहादुर सिंहद्वारा लिखित अक्षराङ्क पुस्तकको प्रयोग गरिको थियो । यी विद्यालयहरू दीर्घकालीन रूपमा सञ्चालन हुन नसके पनि राणाविरोधी भावना जगाउन सफल भएको ठानी वि.सं. १९६२ सालमा राणाभक्त विद्यार्थी तयार गर्न तत्कालीन राणा प्रधानमन्त्री चन्द्रसमशेरले स्रेस्ता पाठशालाको स्थापना गराए । यस्ता पाठशालाहरू प्रजातन्त्रको उदय

पछाडि लोप भएर गए । राणा प्रधानमन्त्री देव समशेरले वि.सं. २००४ सालमा नेपालमा आधारशिक्षा भित्र्याए तापनि अंग्रेजी शिक्षासँग मुकाविला गर्न नसकेर यसको अस्तित्व पनि टिकिरहन सकेन । वि.सं. २००७ सालसम्मको नेपालको शैक्षिक विकासलाई सर्सर्ती हेर्दा लगभग ३०० वटा प्राथमिक विद्यालयहरूमा ९००० विद्यार्थीहरू अध्ययनरत रहेको पाइन्छ (कार्की, २०६६) ।

### १.१.१ विभिन्न शिक्षा आयोगहरूद्वारा गरिएका प्राथमिक शिक्षासम्बन्धी सिफारिसहरू

वि.सं.२००७ सालको परिवर्तनपछि नेपालमा संख्यात्मक रूपमा विद्यालयहरूको विकास भयो र बहुशिक्षा पद्धतिको थालनी भयो । प्रजातान्त्रिक परिपाटीमा शिक्षाको विकास गर्न राष्ट्रिय शिक्षा योजना आयोगको गठन गरियो । यसले तयार पारेको 'नेपालमा शिक्षा' नामक प्रतिवेदन नै नेपालको पहिलो शिक्षासम्बन्धी दस्तावेज हो । यस पछाडिका दिनहरूमा समयको मागसँगै नेपालको शिक्षा क्षेत्रको योजनागत विकासका लागि विभिन्न समयमा विभिन्न व्यक्तिहरूको नेतृत्वमा शिक्षा आयोगहरू बने । ती आयोगहरूले दिएका प्रतिवेदनहरूमा भएका प्राथमिक विद्यालयसम्बन्धी विषयवस्तुहरू निम्नानुसार रहेको पाइयो ।

#### १.१.१.१ नेपालमा शिक्षा २०११

यो प्रतिवेदनले शिक्षाका राष्ट्रिय उद्देश्यहरू, शिक्षामा राष्ट्रिय दायित्व, प्राथमिक तालिम र शिक्षणविधिको व्यवस्था, गुणात्मक शिक्षा र एकल पाठ्यक्रमको अवधारणामा जोड दिएको पाइन्छ । यो प्रतिवेदनको सिफारिस अनुसार नेपालमा प्राथमिक विद्यालयको तीव्र विकास भयो । फलस्वरूप वि.सं. २०१७ सालको पञ्चायती व्यवस्थाको घोषणा हुँदा नेपालमा लगभग ४००० प्राथमिक विद्यालय खुलिसकेका र दुईलाख विद्यार्थी ती विद्यालयमा अध्ययन गरिरहेका थिए । पञ्चायती व्यवस्थाको घोषणा पश्चात् यो प्रतिवेदनको सिफारिस कार्यान्वयनमा मन्दी आएको पाइयो ( शर्मा, २०५९) ।

#### १.१.१.२ सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट २०१८

वि.सं.२०१७ सालमा नेपालमा पञ्चायती व्यवस्था लागू भयो । तत् पश्चात पञ्चायती व्यवस्थालाई सुदृढ बनाउन र सहयोगी नीति तयार गर्न वि.सं.२०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन गरियो । यसले नेपालमा शिक्षाको पुनरवलोकन गरी पूर्वप्राथमिक शिक्षा (३-५वर्ष उमेरका लागि), कक्षा १ देखिकक्षा ५ सम्म प्राथमिक शिक्षा

निःशुल्क सर्वसुलभ, शिक्षक तालिमको व्यवस्था गरी गुणस्तरीय शिक्षाको विकास, प्रत्येक पञ्चायतमा कम्तीमा एउटा प्राथमिक विद्यालयको स्थापना, विद्यालय निरीक्षकको व्यवस्था, प्राथमिक शिक्षाको सम्पूर्ण दायित्व सरकारले लिने जस्ता विविध कार्यहरू गऱ्यो । यसको परिणामस्वरूप वि.सं. २०२७ सालको अन्त्यसम्ममा ८००० प्राथमिक विद्यालयहरू, लगभग ४५०००० विद्यार्थीहरू र लगभग १८००० शिक्षकहरू रहेको तथ्याङ्क पाइन्छ (शर्मा एण्ड शर्मा, २०६५) ।

### १.१.१.३ राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८

नेपाली शिक्षा विकासको इतिहासमा क्रान्तिकारी कदमका रूपमा सरकारी प्रतिबद्धतासहितको शिक्षा योजना, राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को घोषणा भयो । यसले समान पाठयक्रम, शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, शिक्षक तालिम, प्रयोगात्मक शिक्षा, अनिवार्य र ऐच्छिक विषयशिक्षकको योग्यता, सुपरीवेक्षणको व्यवस्था, परीक्षामा एकरूपता, आन्तरिक परीक्षाप्रणाली जस्ता विविध पक्षहरू समावेश गरी नेपालका सबै विद्यालयहरूलाई सरकारीकरण गरी आफ्नो नियन्त्रणमा राख्यो । यसले प्राथमिक शिक्षालाई कक्षा १ देखि कक्षा ५ सम्म राखी पाठ्यक्रम परिवर्तन गऱ्यो । यसको योजनाकालमा नै वि.सं. २०३१ सालमा प्राथमिक शिक्षा कक्षा १ देखि कक्षा ३ सम्मलाई निःशुल्क गरियो भने वि.सं. २०३५ सालदेखि प्राथमिक विद्यालयमा निःशुल्क पाठ्यपुस्तक वितरण हुँदै आएको छ (शर्मा, २०५८) ।

### १.१.१.४ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९

वि.सं. २०४६ सालको राष्ट्रिय जनआन्दोलनपछि प्रजातान्त्रिक मान्यता अनुरुपको शिक्षा व्यवस्था लागू गर्न राष्ट्रिय शिक्षा आयोगको गठन भयो । यसले राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ सार्वजनिक गऱ्यो । यसले प्राथमिक शिक्षाको उद्देश्य बालकेन्द्रित शिक्षा पद्धतिको अबलम्बन गर्दै बालबालिकाको अन्तर्निहित क्षमताको विकास गर्ने दैनिक व्यवहारमा आइपर्ने साधारण लेखाइ, पढाइ, र गणितसम्बन्धी सीपको विकास गर्ने जीवन उपयोगी मूल्य, मान्यता र आस्थाहरुको सम्बर्धन गरी स्वावलम्बन र श्रमशीलताजस्ता गुणहरु र नागरिक वैज्ञानिक तथा वातावरणीय चेतनाको विकास गर्ने हुनुपर्ने भनी उल्लेख गरेको छ (सुवेदी, २०६७ ) ।

विद्यार्थी मूल्याङ्कनका सन्दर्भमा प्राथमिक कक्षाका बालबालिकाहरूको मूल्याङ्कन गर्ने नियमित परिपाटि बसाल्नुपर्छ। यसो गर्दा गृहकार्य, मौखिक कार्य र अतिरिक्त क्रियाकलापमा संलग्नताका साथै पाठको अन्त्यमा परीक्षा लिई सोको अभिलेख राख्ने व्यवस्था हुनुपर्छ (सुवेदी, २०६७ )।

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ अनुसार प्राथमिक तहमा विद्यार्थीको मूल्याङ्कन औपचारिक र अनौपचारिक दुवै तरिकाले नियमित रूपमा गर्नुपर्ने, विद्यार्थीको प्रगति विवरण नियमित रूपमा शिक्षक, अभिभावक र विद्यालय प्रशासनबीच आदानप्रदान गर्ने, विकेन्द्रीकृत ढंगबाट विद्यार्थी मूल्याङ्कन गर्ने र तहगत गुणस्तर कायम गर्नका लागि प्राथमिक तहको अन्त्यमा जिल्लागत रूपमा विद्यार्थी मूल्याङ्कन गर्ने व्यवस्था गरेको देखिन्छ (सुवेदी, २०६७)।

### १.१.१.५ उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५

समयसापेक्ष शिक्षाको विकास गर्न उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५४ गठन गरियो। यसले पनि उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ नामक प्रतिवेदन सरकारसमक्ष पेस गऱ्यो। आगामी १० वर्षभित्रमा देशभर अनिवार्य र निःशुल्क शिक्षा लागू गरिने छ। निःशुल्क शिक्षालाई सर्वसुलभ र सर्वव्यापी तुल्याउन विद्यार्थीको पहुँच र भर्ना, पढाइ छाड्न नदिने स्थिति र गुणस्तरमा वृद्धिको व्यवस्था गर्ने उल्लेख गरिएको छ। यो पनि सरकारी प्रतिबद्धतासाथ कार्यान्वयनमा आउन सकेन। ( शर्मा, २०५९)।

परीक्षा सञ्चालन र पाठ्यक्रम निर्माणबीच तालमेल गर्नुपर्ने, विकेन्द्रीकरणलाई वास्तविक रुपमा कार्यान्वयन गर्नुपर्ने, शिक्षक तालिमको विशेष व्यवस्था गर्नुपर्ने, विद्यालयहरुको सबै सुविधाहरुको निरन्तर अनुगमन गर्ने एकाइको स्थापना गर्नुपर्ने, मूल्यमङ्कनका सबै साधनहरु प्रयोग गुर्नुपर्ने र अक्षरमापक प्रणाली लागू गर्नुपर्ने सिफारिस गरेको छ (शर्मा एण्ड शर्मा, २०६५)।

### १.१.१.६ राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३

लोकतान्त्रिक आन्दोलन २०६२-६३ को सफलता पछाडि नेपालको परिवर्तित सन्दर्भ अन्तराष्ट्रिय अभ्यास आदिका आधारमा विद्यालयीय शिक्षाको संरचनालाई अधारभूत तह र माध्यमिक तह गरी दुई भागमा विभाजन गरिएको छ। ५ वर्ष पूरा भई १३ वर्ष सम्मको उमेरका आधारभूत शिक्षाको उमेर मानिएको छ।

आधारभूत तहलाई पनि तीन भागमा विभाजन गरिएको छ,,जसमा पहिलो चरणमा कक्षा १ देखि ३ सम्म दोस्रो चरण कक्षा ४ र ५ तेस्रो चरण कक्षा ६ देखि ८ सम्म । पहिलो चरणको उद्देश्य आधारभूत साक्षरता प्रदान गरी औपचारिक शिक्षासँग परिचित गराउने रहेको छ भने दोस्रो चरणको उद्देश्य जीवनका लागि आवश्यक ज्ञान, सिप, व्यवहार र मूल्यहरुको विकास गर्न अवसर प्रदान गर्नु रहेको छ ।

आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा माध्यमबाट विद्यार्थीहरुको मूल्याङ्कन गर्ने परिपाटिको विकास गरी उदार कक्षोन्नतिको व्यवस्था गरिएको छ । निर्णयात्मक विद्यार्थी मूल्याङ्कनका लागि सम्बद्ध विद्यालय स्रोतकेन्द्र जि.शि.का आदिलाई जिम्मेवार बनाउने व्यवस्था गरिएको छ । विद्यार्थीलाई प्रयोगात्मक सिकाइ प्रदान गर्ने कार्यमा केन्द्रित रहने व्यवस्था गरिएको छ । विद्यार्थी मूल्याङ्कनमा सरोकारवालाहरुको सहभागिताको व्यवस्था गरिएको छ ( राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३) ।

विगत छ दशक यताको नेपालको विद्यालय शिक्षाको विकास एवम् विस्तारलाई हेर्दा सहभागितामा विस्तार र शैक्षिक संस्थाहरुको संख्यामा उल्लेख्य मात्रामा वृद्धि भएको पाइन्छ । शिक्षा मन्त्रालयको तथ्याङ्क अनुसार वि.सं. २००७, वि.सं. २०२७, वि.सं. २०४८, वि.सं. २०६८ सालमा विद्यालयको सङ्ख्या क्रमशः ३३२, ७२५६, १९८४२ र ३३१६० रहेको छ । त्यसैगरी विद्यार्थी सङ्ख्या भने वि.सं. २००७ मा १०,०००, वि.सं. २०२७ मा ५ लाख ५० हजार, वि.सं. २०४८ सालमा ३७ लाख र वि.सं. २०६८ सालमा ७८ लाख रहेको पाइन्छ । त्यस्तै शिक्षा विभागको तथ्याङ्क अनुसार हाल प्राथमिक तहमा विद्यालय उमेर समूहका बालबालिकाको खुद भर्नादर ९५.५ प्रतिशत पुगेको छ भने आधारभूत तह ( कक्षा १ देखि कक्षा ८ ) सम्मको खुद भर्नादर ८६ प्रतिशत पुगेको छ (Journal of EPMAN, 2070 ) ।

यसरी हेर्दा शिक्षामा संख्यात्मक विकास निकै भएको देखिए तापनि गुणात्मक विकास भने झनै गिर्दो अवस्थामा नै देखिन्छ । शिक्षाको गुणात्मक विकासमा प्रभाव पार्ने तत्वहरु धेरै हुन्छन् जसमध्ये विद्यार्थीको पारिवारिक वातावरण, अभिभावकको आर्थिक स्तर, शैक्षिक स्तर सामाजिक स्तरका साथै विद्यालयको शैक्षिक वातावरण, कक्षाकोठामा विद्यार्थीको उपस्थिति, कक्षाकोठाभित्रको वातावरण, अतिरिक्त क्रियाकलाप आदिले बालबालिकाको शिक्षण सिकाइको स्तरमा प्रभाव पारेको देखिन्छ (धरान स्रोतकेन्द्र, २०७०) ।

## १.२ समस्याको कथन

शिक्षा व्यक्ति, समाज र राष्ट्र विकासको आधारशिला हो भन्ने कुरा आधुनिक सभ्य समाजले स्वीकारेको विषय हो । देशका सबै नागरिकलाई शिक्षा प्रदान गर्दै व्यक्ति, समाज र देशलाई समृद्धिको मार्गमा अघि बढाउनको लागि हरेक राष्ट्रले शिक्षा विकासको नीति अवलम्बल गरेका हुन्छन् । राष्ट्रिय अन्तराष्ट्रिय रुपमा स्थापित सरकारी एवं गैर-सरकारी निकायले सो नीतिलाई सार्थकता प्रदान गर्न अरबौं रुपयाँको लगानी गरिरहेका छन् तर पनि सोचे अनुसारको शिक्षामा पहुँच र गुणस्तरमा वृद्धि हुन सकिरहेको छैन । विश्वबाट सन् २०१५ सम्ममा निरक्षरता उन्मूलन गर्ने अन्तराष्ट्रिय प्रतिबद्धता अहिलेसम्मको उपलब्धीलाई विश्लेषण गर्दा पूरा नहुने लगभग निश्चित भएको छ । सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या दिनानुदिन न्यून हुँदै जाँदा कतिपय विद्यालयहरु रित्तिने अवस्थामा पुगेका छन् । कतिपय सामुदायिक विद्यालयहरु नजिकमा रहेको अर्को सामुदायिक विद्यालयमा समायोजन भइसकेका छन् भने कतिपय समायोजन हुने अवस्थामा रहेका छन् । सामुदायिक विद्यालयहरुमा एकातिर विद्यार्थीहरुको संख्यामा कमी आइरहेको छ भने अर्कोतिर गुणस्तरमा ह्रास हुँदै गएको छ । विद्यार्थीको संख्यामा कमी आएपछि शैक्षिक गुणस्तरमा वृद्धि हुनु पर्ने हो, तर सामुदायिक प्राथमिक विद्यालयमा भने विद्यार्थीहरुको संख्यामा उल्लेख्य मात्रामा कमी आएपनि शैक्षिक गुणस्तर भने उल्लेख्य सुधार आउन सकेको देखिदैन । सामुदायिक विद्यालयहरुको विद्यार्थी भर्नाको अवस्था र शैक्षिक गुणस्तर दुबै दिन प्रतिदिन खस्कँदो अवस्थामा छन् । यिनै समस्याहरुमा केन्द्रित भई यो अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा विकासको मूल आधार हो । शिक्षाको विकास नभएसम्म देशको विकास संभव हुँदैन । अतः शिक्षा युगको माग हो शिक्षाको गुणात्मक विकास आज अपरिहार्य बनेको छ । शिक्षाको गुणात्मक विकास गर्न सम्पूर्ण विद्यार्थीहरुको शैक्षिक स्तर वृद्धि गरिनु पर्छ । विद्यार्थीको शैक्षिक स्तर बृद्धिमा विद्यार्थीको कक्षागत उपस्थिति (भर्ना अवस्था) ले के कस्तो असर पार्दछ भन्ने विषयवस्तुमा यो अध्ययन केन्द्रित रहनेछ । पाठ्यक्रमको उपयुक्तता र पर्याप्तता शिक्षण विधि, शैक्षिक सामाग्री तालिमप्राप्त शिक्षक अतिरिक्त क्रियाकलाप आदि पक्षहरुले त विद्यार्थीको शैक्षिक उपलब्धी र स्तरमा प्रभाव पार्छ नै यसका अलवा कक्षागत रुपमा रहेको विद्यार्थीको उपस्थिति अथवा विद्यार्थी भर्ना अवस्थाले बालबालिकाहरुको शैक्षिक

स्तर र उपलब्धिमा के कस्तो प्रभाव पार्छ भन्ने बारे आजसम्म कुनै अध्ययन गरेको हालसम्म प्राप्त नभएकाले यो अध्ययन आफैंमा औचित्यपूर्ण छ ।

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूयाङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तहका लागि तयार पारिएको शोध पत्र हो । यो अध्ययन अनुसन्धानले त्यस क्षेत्रमा रहेका समस्याहरूको सही पहिचान गरी समस्याको गहिराइमा पुगेर अध्ययन गर्ने प्रयास गरेको छ । यो अध्ययनबाट प्राप्त निष्कर्ष निम्न व्यक्ति तथा संस्थाहरूलाई सहयोगी हुनेछ :

- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, जिल्ला शिक्षा कार्यालय तथा सरकारलाई विद्यालय स्तरीय नीति तथा योजना निर्माणका लागि,
- विद्यालयको भौतिक सामग्री (कक्षाकोठा फर्निचर आदि), शैक्षिक सामग्री आदिको व्यवस्थापनका लागि,
- शैक्षिक विकास सम्बन्धी विद्यालयस्तरीय,जिल्लास्तरीय तथा राष्ट्रिय नीति तथा योजना निर्माणका लागि,
- आगामी दिनहरुमा (भविष्यमा) यसै विषयमा अध्ययन अनुसन्धान गर्न चाहनुहुने अन्य अनुसन्धानकताहरुलाई समेत यसले मार्गदर्शन प्रदान गर्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्य निम्नानुसार छन्

क. सामुदायिक प्राथमिक विद्यालयको भर्ना र विद्यार्थीले विद्यालय छोड्ने दर पत्ता लगाउनु,

ख विद्यार्थीहरूले विद्यालय छोड्ने कारणहरु पत्ता लगाउनु,

ग. शिक्षण-सिकाइ क्रियाकलापको अवस्था पत्ता लगाउनु,

घ. विद्यार्थीहरुको सङ्ख्याले शिक्षण सिकाइको अवस्थामा पारेको प्रभाव पत्ता लगाउनु

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अनुसन्धानमा निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ :

क. सामुदायिक प्राथमिक विद्यालयको विद्यार्थी भर्ना स्थिति कस्तो छ ?

ख. विद्यालय छोड्ने अवस्था कस्तो छ ?

ग. विद्यार्थीले विद्यालय छोड्ने कारणहरु के के हुन् ?

घ. विद्यार्थी भर्नाले सिकाइमा कस्तो प्रभाव पारेको छ ?

ङ. कक्षाहरुमा विद्यार्थी संख्या कम हुँदैमा सिकाइ उपलब्धि बढ्छ ?

च. विद्यार्थी भर्ना कम हुनका कारणहरु के के हुन् ?

## १.६ अध्ययनको महत्व

यो अध्ययन प्रारम्भ  गर्नु अगाडि अनुसन्धानकर्ताले विषयवस्तुको खोजी गर्ने गर्दै जाँदा रणबहादुर राईले अभिभावकको आर्थिक स्थितिले प्राथमिक तहको विद्यार्थीको शैक्षिक उपलब्धीमा पारेको प्रभाव शीर्षकमा अनुसन्धान गरेको पाइयो । यसैगरी योगेन्द्रबहादुर कार्कीले सामुदायिक प्राथमिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग, लोकप्रसाद उपाध्यायले प्राथमिक विद्यालयहरुको शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने तत्वहरु, देवकुमार राइले दलित विद्यार्थीको सिकाइ उपलब्धीमा प्रभाव पार्ने कारक तत्वहरु, आशा शर्मा शिवाकोटीले झापा जिल्लाको प्राथमिक विद्यलयमा दलित विद्यार्थीहरुको विद्यालय छोड्ने कारणहरु एक अध्ययन, लक्ष्मीप्रसाद चौधरीले प्राथमिक तहमा उदार कक्षोन्नतिले विद्यार्थीको सहभागितामा पारेको प्रभाव, पर्शुराम सुवेदीले छात्राहरुले बीचैमा कक्षा छोड्ने कारक तत्वहरु, जी.के. भट्टराईले प्राथमिक तहका विद्यार्थीले कक्षा छाड्ने कारण तथा डोमी साहले शिक्षण सिकाइ वातावरणले विद्यार्थी भर्नामा पारेको प्रभाव  जस्ता विषयमा अध्ययन गरेको पाइयो ।

माथि उल्लेख गरिएका अध्ययनकर्ताहरुले सिकाइ वातावरणले विद्यार्थी भर्नामा पार्ने प्रभाव, आर्थिक स्थितिले विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा पारेको प्रभाव, निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग गरी गरिएको उदार कक्षोन्नति जस्ता विषयहरुले सिकाइ उपलब्धीमा पारेको प्रभाव,विद्यार्थीले बीचैमा कक्षा छाड्ने कारणहरुलाई पुष्टिगर्ने प्रयत्न गरिएता पनि सामुदायिक प्राथमिक विद्यालयको भर्नाको स्थिति र शिक्षण सिकाइमा यसको प्रभाव बारे अनुसन्धान गर्न नसकेकाले यो अध्ययन गर्नु उपयुक्त रहेको देखिन्छ ।

## १.७ अध्ययनको परिसीमा

हाल हाम्रो देशमा आर्थिक व्यवस्थापनका दृष्टिले विभाजित गरिएका यी दुई प्रकारका विद्यालयहरू मध्ये सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थीहरूको भर्नादर स्थिति र शिक्षण सिकाइमा यसको प्रभाव एउटा राष्ट्रियस्तरकै अध्ययनको विषय हो ।

राष्ट्रिय तहबाट अध्ययन गरिनुपर्ने यो विषयलाई एउटा व्यक्तिको निजी लगानीबाट अध्ययन गर्ने कुरा समय, स्रोत र साधनका आधारमा असम्भव त नहोला तर पूरा गर्न निक्कै कठिन हुन्छ । तसर्थ यो समस्याको नमुना अध्ययनका लागि सुनसरी जिल्ला अन्तर्गतका तीन नगरपालिका र उनन्पचास गाउँ विकास समितिमध्ये धरान नगरपालिका, पाँचकन्या, वराहक्षेत्र तथा भरौल गाउँ विकास समितिहरूबाट कम्तीमा एक स्थानबाट एक सामुदायिक प्राथमिक विद्यालय पर्ने गरी पाँचवटा प्रा.वि.हरूको विद्यार्थी भर्ना स्थिति र शिक्षण-सिकाइमा यसको प्रभावलाई अध्ययनको विषयको रूपमा छनौट गरिएकोछ ।

यो अध्ययनमा छनौटमा परेका विद्यालयहरुको विद्यार्थी भर्ना र विद्यालय छाड्ने विद्यार्थीको संख्या सम्बन्धी विगत ३ बर्षको अभिलेखलाई मात्र अध्ययन गरिएको छ । नतीजा विश्लेषणका सन्दर्भमा भने २०७० सालको वार्षिक परीक्षाफललाई मात्र आधार बनाइएको छ । यस अध्ययनबाट निस्किएका निष्कर्षहरु सुनसरी जिल्लाका सामुदायिक विद्यालयका प्राथमिक तहका हकमा मात्र लागु हुनेछ ।

## १.८ परिभाषित शब्दावली

प्राथमिक शिक्षा : अध्ययन क्षेत्रका कक्षा १ देखि कक्षा ५ सम्म दिइने औपचारिक शिक्षालाई बुझाउनेछ ।

प्राथमिक विद्यालय : कक्षा १ देखि कक्षा ५ सम्म पढाइ हुने विद्यालय

प्राथमिक विद्यालय उमेर : अध्ययन क्षेत्रका ५-९ बर्ष उमेर समूहका बालबालिकाहरुको उमेर

सामुदायिक विद्यालय : सरकारी अनुदान प्राप्त गर्ने स्वीकृति प्राप्त विद्यालय

संस्थागत विद्यालय : निजी लगानीमा संचालन गरिएका स्वीकृति प्राप्त विद्यालय

| | | |
|---|---|---|
| शिक्षक | : | शिक्षा ऐनले तोकेअनुसार योग्यता भई सामुदायिक विद्यालयमा कार्यरत शिक्षक |
| प्रधानाध्यापक | : | शिक्षा ऐनले तोके अनुसार सामुायिक विद्यालयको प्रशासनिक कार्यको जिम्मेवारी पाएको व्यक्ति |
| अभिभावक | : | विद्यार्थीका संरक्षक / विद्यार्थीका आमाबाबु |
| बालमैत्री | : | बालकले आफूले सुरक्षित र रमाइलो महसुस गर्ने वातावरण । |
| शैक्षिक सत्र | : | एउटा कक्षामा अध्ययन अध्यापनका लागि छुट्याइएको एक वर्षको अवधी । |
| घरदैलो कार्यक्रम | : | विद्यालय व्यवस्थापन समिति र शिक्षकहरुको सामुहिक समुह विद्यार्थीहरुको घरदैलोमा गएर अभिभावकहरुमा जनचेतना जगाउने कार्यक्रम । |
| दिवा खाजा | : | विद्यालयले विद्यार्थीका लागि निःशुल्क रुपमा उपलब्ध गराएको खाजा |

# परिच्छेद दुई

## साहित्यको पुनरवलोकन

### २.१ सम्बन्धित साहित्यको पुनरवलोकन

विषयवस्तुको गहिराइसम्म पुगेर अध्ययन अनुसन्धान गरी यथार्थपरक विश्लेषण गर्न र सही निष्कर्षमा पुग्नका लागि शोधकर्तालाई साहित्यको पुनरवलोकनले ठूलो साथ सहयोग प्रदान गर्दछ । यसले शोधकर्तालाई आफ्नो शोधपत्र बलियो बनाउने आधार प्रदान गर्नका साथै विषयवस्तुसँग सम्बन्धित अनुसन्धानयोग्य परिकल्पनाहरू निर्माण गर्न, उपयुक्त परीक्षणका लागि तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न मार्ग निदेशन गर्दछ । शोधपत्रसँग सम्बन्धित साहित्यको पुनरवलोकन गर्ने क्रममा अनुसन्धानकर्ताद्वारा विभिन्न सन्दर्भग्रन्थहरु प्रतिवेदनहरू, प्राथमिक पाठ्यक्रम र विभिन्न विद्वान्हरूद्वारा लिखित पुस्तक तथा लेख रचनाहरूको अध्ययन गरी निस्किएका निष्कर्षहरूलाई निचोडको रूपमा प्रस्तुत गरिएकोछ ।

शैक्षिक जीवनको दरिलो आधार प्राथमिक शिक्षालाई रा.शि.प.यो. २०२८ ले कक्षा १ देखि ३ सम्म, वि.सं. २०३१देखि निशुल्क शिक्षा दिने, वि.सं. २०३५ देखि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था गऱ्यो (शिक्षा, २०६४)। विद्यार्थीहरूको विद्यालयप्रतिको आकर्षण वृद्धिका साथै प्राथमिक शिक्षा सर्वव्यापी बनाउनका लागि दलित सीमान्तकृत ५० प्रतिशत छात्रा छात्रबृत्ति, कर्णाली अञ्चलसमेतका २६ जिल्लामा दिवाखाजा तथा खानाका लागि अनुदानको व्यवस्था,अन्तरिम योजना (२०६४।०६५ २०६६।०६७)ले गरेको छ (ढकाल र कोइराला, २०६४)।आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको दोस्रो चरणको मुख्य उद्देश्यमा प्राथमिक तहमा भर्नादर ९० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ (शर्मा २०५८) ।सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजनाले सन् २०१५ सम्ममा सबैका लागि शिक्षा भन्ने मूल नाराका साथ कार्य सञ्चालन गरिरहेको छ । आगामी १०बर्ष भित्रमा देशभर अनिवार्य र निःशुल्क शिक्षा लागु गरिने छ । निःशुल्क शिक्षालाई सर्वसुलभ र सर्वव्यापी तुल्याउन विद्यार्थीको पहुँच र भर्ना, पढाइ छाड्न नदिने स्थिति र गुणस्तरमा वृद्धिको व्यवस्था गर्ने उल्लेख गरिएको छ । प्राथमिक शिक्षाको उमेर ५-९ वर्षका १४ प्रतिशत बालबालिकाले विद्यालयको मुख देख्न पाएका छैनन् । नेपालको शैक्षिक संस्थामा देखापरेका विविध समस्याहरूमध्ये प्रमुख समस्याका रूपमा भर्नाको समस्या रहेको पाइन्छ ।

(उच्चस्तरीय रा.शि.प.आ.प्र.,२०५५) नेपालको शैक्षिक स्थितिको विश्लेषण गर्ने हो् भने प्राथमिक तहदेखि उच्च तहसम्म भर्नाको समस्या छ । वि.सं. २०६२ सालको वैशाखमा भर्ना सप्ताह मनाउँदासमेत प्राथमिक तहमा खुद भर्ना प्रतिशत ८६ भन्दा माथि उठ्न सकेन ( ढकाल र कोइराला, २०६४) । प्राथमिक विद्यलय जाने उमेर समूहका विशेषतः अति पिछडिएका समुदायका बवालबालिकाहरूअझसम्म पनि विद्यालयमा भर्ना भएका छैनन् । प्राथमिक शिक्षामा गुणात्मक सुधारका निमित्त स्थानीय जनसहभागिताको कमी, बालबालिकाको शैक्षिक उपलब्धीप्रति अभिभावकको चासो कम हुनु, समाजसेवी तथा अन्य स्थानीय एवं सम्बन्धित निकायबाट निर्वाह गरिनु पर्ने भूमिका गतिशील हुन नसक्नुका कारण शैक्षिक व्यवस्थापन सुदृढ हुन सकेको छैन (काफ्ले र साथीहरू, २०६०) । पूर्वोक्त पूर्वकार्यहरूको अध्ययनबाट मैले उठाएको विषयले पूर्णता नपाएको स्पष्ट भएको हुँदा यससम्बन्धी ठोस निष्कर्षसहित प्रतिवेदन तयार गर्ने उद्देश्यले मलाई प्रेरित गरेको हो ।

वास्तवमा निजी र सार्वजनिक विद्यालयमा प्रयोग हुने पाठ्यपुस्तकहरूको सम्बन्धमा एकरूपता पाइँदैन । साधन, स्रोत, र सुविधा सम्पन्न निजी विद्यालयहरूमा अलिखित पाठ्क्रमका आधारमा अत्यधिक पाठ्यपुस्तकहरूको प्रयोग गरिन्छ भने सामुदायिक विद्यालयहरूमा पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरे अनुरूपको पाठ्यपुस्तकको मात्र प्रयोग हुने गरेको छ (विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारणापत्र, २०५८) ।

नेपाल एउटा बहुभाषिक देश हो । यहाँ नेपाली भाषाबाहेकका विभिन्न मातृभाषा बोल्ने जनताहरूको संख्या निक्कै ठूलो छ । यी समुदायका कतिपय विद्यार्थी छरछिमेकी वा पारिवारिक वातावरणले नेपाली बुझ्न र बोल्न जान्ने हुन्छन् तर कतिपय भाषिक समुदायका क्षेत्रमा मातृभाषाबाहेक अर्को भाषा बोल्न र बुझ्नसम्म नसक्नेहरू पनि भेटिन्छन् जसलाई नेपाली भाषामा सिकाइएका कुराहरू बुझ्न कठिनाइ हुन्छ । यस कारणले विभिन्न भाषाभाषी,लिङ्ग, वर्ग र क्षेत्रका बालबालिकाहरूको शिक्षाका विभिन्न तहहरूमा सहभागिता बढेको देखिएता पनि समान पहूँच पुग्न नसकेकाले कक्षा दोहोऱ्याउने, बीचैमा कक्षा छोड्ने दर बढी छ भने उत्तीर्ण हुने दर सन्तोषजनक छैन । शिक्षाको हरेक तहमा विद्यार्थीको पहूँच वृद्धि भइरहे तापनि मधेशका आदिबासी, दलित र जनजातिको भर्नादर न्यून रहेको छ (भट्टराई, १९९९ ) ।

गुणस्तरीय शिक्षाका लागि आधारभूत भौतिक पूर्वाधारको विकास हुन नसकेको, विद्यार्थी संख्याको अनुपातमा शिक्षक आपूर्ति गर्न नसकिएको, सामुदायिक तथा निजी विद्यालयबीच विद्यार्थी उत्तीर्ण दरमा ठूलो असमानता रहेको, शैक्षिक वेरोजगारको संख्यामा वृद्धि हुँदै गएको र महिला, दलित, अपाङ्ग, पिछडिएको वर्ग, जनजाति, मधेसी, द्वन्द्वप्रभावित तथा विस्थापितहरूलाई शिक्षाको मूल प्रवाहमा पूर्णरूपमा समावेश गर्न कठिनाइ परेको जस्ता समस्याहरू यस क्षेत्रमा देखिएका छन् । सबैका लागि शिक्षाका निर्धारित लक्ष्य हासिल गर्ने उद्देश्यले कार्यान्वयनमा ल्याइएको परियोजनाले सफलता प्राप्त गरेपनि यो आन्तरिक प्राथमिक शिक्षा परियोजना कार्यान्वयनको अन्तिम चरणमा आयपुग्दा ३० प्रतिशत बालबालिका विद्यालयको पहुँचभन्दा बाहिर रहेका, कक्षा छाड्ने, दोहोऱ्याउनेको दर उच्च रहेको, विशेष आवश्यकता भएका र अल्पसंख्यक भाषाभाषीका समूहका बालबालिकाका लागि विद्यालय समावेशी हुन नसकेको, प्राथमिक तह पूरा गर्ने दर ४१ प्रतिशत रहेको जस्ता समस्याहरू वि.सं. २०५७ सालसम्म आइपुग्दा पनि विद्यमान नै रहे ( शैक्षिक गतिविधि, २०६१) ।

विगत छ दशक यता विद्यालय शिक्षाको विकास एवम् विस्तारलाई हेर्दा सहभागितमा विस्तार र शैक्षिक संस्थाहरुको संख्यामा उल्लेख्य मात्रामा वृद्धि भएको पाइन्छ । शिक्षा मन्त्रालयको तथ्याङ्कअनुसार वि.सं. २००७, वि.सं २०२७, वि.सं.२०४८, वि.सं.२०६८ सालमा विद्यालयको सङ्ख्या क्रमशः ३३२, ७२५६, १९८४२ र ३३१६० रहेको छ ।त्यसैगरी विद्यार्थी सङ्ख्या भने वि.सं. २००७ मा १०,००० वि.सं. २०२७ मा ५ लाख ५० हजार, वि.सं. २०४८ सालमा ३७ लाख र वि.सं. २०६८ सालमा ७८ लाख रहेको पाइन्छ । त्यस्तै शिक्षा विभागको तथ्याङ्कअनुसार हाल प्राथमिक तहमा विद्यालय उमेर समुहका बालबालिकाको खुद भर्नादर ९५.५ प्रतिशत पुगेको छ भने आधारभूत तह ( कक्षा १ देखि कक्षा ८ ) सम्मको खुद भर्नादर ८६ प्रतिशत पुगेको छ (Journal of EPMAN, २०७०) । अन्तराष्ट्रिय स्तरमा सबै राष्ट्रहरुको निरन्तरताको प्रयास र प्राथमिकता हुँदाहुदै पनि अझै ७ करोड २० लाख बावबालिकाहरु विद्यालय वाहिर रहन बाध्य भएको पाइन्छ । यही क्रम रहिरहेमा सन् २०१५ सम्ममा ५ करोड ६० लाख बालबालिकाहरु विद्यालय वाहिर रहन बाध्य हुनेछन् (शिक्षक शिक्षा, २०७१) ।

सुनसरी जिल्लाको सन्दर्भमा वि.सं. २०५८ सालको जनगणना अनुसार यस जिल्लाको प्राथमिक उमेर समुह ५-९ को खुद भर्नादर ६८.४३ प्रतिशत मात्र देखिन्छ । सुनसरी जिल्लामा वि.सं. २०६१ सालमा लगभग विद्यालय उमेरका ६८ प्रतिशत मात्र विद्यालय भर्ना भएका र ४२ प्रतिशत बालबालिका विद्यालयभन्दा बाहिर रहेको देखिन्छ । यी विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई विद्यालयको पहुँचमा पुऱ्याउन विद्यालय भर्ना अभियान सञ्चालन गर्न आवश्यक ठानियो र विद्यालय स्वागत कार्यक्रमलाई कढाइकासाथ लागु गर्न विद्यालयहरुलाई निर्देशन गरियो (शैक्षिक गतिविधि, २०६२ ) ।

करिब १४ प्रतिशत प्राथमिक विद्यालय उमेरका बालबालिका विद्यालयको अवसरबाट बञ्चित छन् । त्यसैगरी कक्षा बढ्दै जाँदा क्रमशः विद्यार्थीहरूको संख्या घट्दै जान्छ । विद्यालय नआएका मध्ये भौगोलिक, आर्थिक सामाजिक, सांस्कृतिक, भाषिक र धार्मिक रूपले कठिन समूहका बालबालिकाहरू बढी पर्दछन् (राष्ट्रिय पाठयक्रम प्रारूप, २०६३) ।

सुनसरी जिल्लामा रहेका १२ वटा स्रोत केन्द्र अन्तरगत रहेका सामुदायिक विद्यालयहरुको कक्षा १ देखि १० सम्मका मुख्य ५ वटा विषयहरुमा गरिएको विषयगत अध्ययन विश्लेषणका अधारमा शैक्षिक सत्र २०७० सालमा यस जिल्ला अन्तरगतका सामुदायिक विद्यालयहरुको औशत सिकाइ उपलब्धि तथ्याङ्क अनुसार शिक्षण सिकाइ उपलब्धि ४० प्रतिशत मात्र रहेको छ । सुनसरी जिल्लाका १२ स्रोतकेन्द्रहरु मध्ये सवैभन्दा कम सिकाइ उपलब्धी महेन्द्रनगर स्रोत केन्द्रमा ३६.३० रहेको छ भने सवैभन्दा बढी भा.सी. स्रोतकेन्द्रमा ४६ रहेको छ । शैक्षिक सत्र २०७० मा सुनसरी जिल्लामा सञ्चालित ३९७ विद्यालयमा गरिएको शैक्षणिक औषत उपलब्धि तथा परीक्षाको नतिजाको आधारमा यो तथ्य जि.शि.का. सुनसरीले सार्वजनिक गरेको हो । जि.शि.का. सुनसरीले चालु शैक्षिक सत्रमा औषत सिकाइ उपलब्धी ४२.६१ पुऱ्याउने लक्ष्य राखेको छ (जि.शि.का. सुनसरी, २०७१)।

सामुदायिक प्राथमिक विद्यालयहरुमाविद्यार्थीहरुका लागि उपयुक्त र प्रभावकारी शिक्षण सिकाइको वातावरण नदेखिएकाले वर्षेनी यी विद्यालयहरुमा भर्नाहुने विद्यार्थीहरुको संख्यामा कमी आएको देखिन्छ (साह, २०६९)। आमाबाबुको आर्थिक स्थिति, कक्षाकोठाको सिकाई वातावरण, शैक्षिक सामग्रीको अभाव, अभिभावकहरुको शैक्षिक स्तर, भौगोलिक परिस्थिति, घरायसी कामको बोझ आदिले विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पारेको देखिन्छ ( उपाध्याय, २०६१) । विगत केही वर्षयता सामुदायिक विद्यालयहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कन

प्रणलीको प्रयोग हुँदै आएको छ । यो प्रणाली विद्यार्थीहरुको मूल्याङ्कनमा प्रगतिशिल रुपमा विकसित भएको भएता पनि नेपालको परिवेशमा प्रभावकारी रुपमा प्रयोग हुन नसकेका कारण प्राथमिक तहमा विद्यार्थीहरु साक्षर नै नवनिकन कक्षोन्नति हुने गरेको पाइयो (कार्की, ०६६) ।प्राथमिक तहमा अध्ययनरत विद्यार्थीहरु घरेलु वातावरणमा सिक्न चाहन्छन्, विद्यालयको कक्षाकोठामा राखिएका डेस्क र बेन्चको औपचारिक वसाई, शिक्षकहरुलाई हेर्ने दृष्टिकोण, घरायसी कामको बोझका कारण सिक्न नसक्नु, सिकाइमा कमजोर भएका कारण आफू लज्जित भएको महसुस गरी विद्यालय छोड्ने गरेको पाइयो (भट्टराई, १९९९)।

## २.२ पुनरवलोकनको उपादेयता

अध्ययनको उपादेयता भन्नाले त्यसको प्रयोगबाट देखिने प्रभावलाई बुझिन्छ । यो शोधपत्र तयार गर्ने क्रममा उल्लेख गरिएका सैद्धान्तिक खाकाहरुले अध्ययनलाई निश्चित दार्शनिक आधारहरु प्रदान गरेको छ । अध्ययनको पुनरवलोकनले प्राथमिक विद्यालयको विद्यार्थी भर्ना स्थिति र शिक्षण सिकाइमा यसको प्रभावको अध्ययन गर्नुपर्ने सैद्धान्तिक कारण स्पष्ट पारेको छ ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा अध्ययन गरिएका सम्बन्धित साहित्यको समीक्षाले शोधकर्तालाई के कस्ता विषयवस्तुमा के कसरी अध्ययन गर्नु उपयुक्त हुन्छ भनी मार्ग निर्देशन गरेको छ । जस्तै अध्ययनको उद्देश्य छनौट गर्न, अध्ययनको परिकल्पना तयार गर्न, उपयुक्त अध्ययन साधन निर्माण गर्न, उपयुक्त अध्ययन विधि छनौट गर्न, तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण गर्न, अध्ययनको निष्कर्ष निकाल्न समेत सम्बन्धित साहित्यको पुनरवलोकनले मार्ग दर्शन गरेको छ ।

## २.३ अध्ययनको सैद्धान्तिक तथा अवधारणात्मक ढाँचा

कुनै पनि अध्ययन कुनै न कुनै सिद्धान्तमा आधारित भएर गरिनु पर्दछ । कुनै पनि सिद्धान्तसँगको सामीप्यले मात्र अनुसन्धानलाई पूर्णता दिने गर्दछ । तसर्थ सामुदायिक प्राथमिक विद्यालयमा अध्ययन गर्ने साना नानीहरुसँगको अनुसन्धान कार्यलाई सूक्ष्म रुपमा केलाउनका प्रयत्न गरिएको यस अध्ययनमा यसबाट प्राप्त गर्न सकिने केही सैद्धान्तिक पक्षहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

### २.३.१ उत्प्रेरणा सिद्धान्तः

अब्राहम मास्लोले सन् १९४३ मा मानिसहरु आवश्यकताको श्रृङ्खलाबाट अभिप्रेरित हुने कुरा उल्लेख गरेका छन् आवश्यकता नै आविष्कारको जननी  भन्ने उक्तिलाई विश्वव्यापी रूपमा स्वीकार गरिएको छ । जब कुनै व्यक्तिलाई कुनै कुराको आवश्यकता पर्दछ तव मात्र ऊ विभिन्न क्रियाकलाप गरी आवश्यकता पूर्ति गर्नेतिर लाग्दछ । मानिसलाई क्रियाशील र सक्रिय बनाउनका लागि उत्प्रेरित गर्नुपर्छ । मास्लोको अभिप्रेरणाको सिद्धान्त अनुसार मानिस आफ्नो आवश्यकता पूर्ति गर्ने क्रममा सवैभन्दा आवश्यक अर्थात् नभई नहुने आवश्यकताहरु पूरा गर्न लाग्दछ । मानव जीवनमा आइपर्ने अनगिन्ति आवश्यकताहरुलाई मास्लोले प्राथमिकताका क्रममा मिलाई आधारभूत आवश्यकता, सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, अहम्को आवश्यकता र आत्मसन्तुष्टिको आवश्यकता गरी पाँच भागमा विभाजन गरेका छन् । गाँस, बास र कपास जस्ता अति आवश्यक समस्याहरुको पूर्ति नभएसम्म अन्य आवश्यकताहरु गौण रहन्छन् । क्रमशः यो आवश्यकताको श्रृङ्खलामा अगाडिको खुड्किलो चड्दै जाने गर्दछ ।  मास्लोको यो सिद्धान्त सामुदायिक प्राथमिक विद्यालयका अभिभावकहरुमा पनि लागु हुन्छ । जब सम्म आमाबाबाहरुले आधारभूत आवश्यकताका रुपमा रहेका गाँस बास र कपासको परिपूर्ति गर्न सक्दैनन् तवसम्म उनीहरुले आफ्ना बालबालिकाहरुलाई विद्यालयमा पठाई शिक्षा दिन सक्दैनन् । विद्यालयमा भर्ना गराइहाले पनि विहान वेलुकीको छाक टार्ने समस्यामा नै केन्द्रित भइरहने भएकाले आफ्ना नानीहरुको शिक्षा दीक्षाप्रति अभिभावकले वातावरण र सहयोग प्रदान गर्न सक्दैनन् । त्यसैले प्रस्तुत शोधपत्र मास्लोको आवश्यकताको सिद्धान्तमा आधारित रहेको छ । मास्लोले मानवीय आवश्यकताहरुलाई  श्रृङ्खलाका रूपमा निम्नानुसार प्रस्तुत गरेका छन् :




(कोइराला ,श्रेष्ठ : २०६६)


### २.३.२ उत्प्रेरणा आरोग्य सिद्धान्त

फ्रेडरिक हर्जवर्ग Western Research University,OHIO USA का ख्यातिप्राप्त व्यवस्थापनका सिद्धान्तविद् हुन् । यिनले यो उत्प्रेरणा आरोग्य सिद्धान्त सन् १९५० मा पिट्सवर्ग क्षेत्र वरपरका कम्पनीमा कार्यरत २०० जना इन्जिनियर एवं लेखाविद्हरुलाई संलग्न गराई उनीहरुको कार्य सन्तुष्टिका आधारमा तयार पारेका हुन् । यिनका अनुसार मानिस कसरी सन्तुष्ट हुन्छन् र कुन कुन तत्वहरुले गर्दा उनीहरु प्रभावित हुन्छन् भन्ने कुरालाई  देखाइएको छ (साह,२०६९ ) ।

हर्जवर्गका अनुसार सफा स्वच्छ पानी आरोग्यताका लागि आवश्यक हुन्छ तर रोगनिदानका लागि होइन । यहाँ सामुदायिक प्रा.वि.को सन्दर्भमा अभिभावकको चासो कम हुन नै असन्तुष्टि तत्व हो यस सिद्धान्तको दोस्रो तत्वको रुपमा उत्प्रेरणा वा सन्तुष्ट तत्व रहेको छ । विद्यालयमा कार्यरत प्र.अ., शिक्षक र कर्मचारीहरुको कार्यप्रति प्रोत्साहन पुऱ्याउने सम्पूर्ण तत्वहरु उत्प्रेरणा तत्व अन्तर्गत  पर्छन् । यी प्राप्त भए तिनहरुमा सन्तुष्टि प्राप्त हुन्छ र राम्रो कर्ममा उत्प्रेरित हुन्छन् । उत्प्रेरणा अन्तर्गत चुनौतीपूर्ण कर्म उत्तरदायित्व, उन्नति, कार्यबृद्धिको अवसर र उपलब्धी जस्ता तत्वहरु पर्छन् । यस सिद्धान्तमा उत्प्रेरणा तत्वलाई उच्च लक्ष्यमा र आरोग्यतत्वलाई न्यून प्राथमिकतामा राखेको पाइन्छ । जसरी सफा पानी ले निरोगी  बन्न सघाउँछ तर रोगको निदान गर्नका लागि होइन त्यसैगरी सन्तुष्टिले पनि विद्यालयमा कार्यरत प्र. अ. शिक्षक र कर्मचारिलाई कार्य गर्न आत्मवल बढाउने र राम्रो कार्य गर्न प्रोत्साहित गर्छ । शिक्षामा सिकाइ वातावरण लाई सुधार गर्न यो सिद्धान्त उपयोगी रहेको छ । त्यसैले यस अध्ययनमा पनि हर्जवर्गको उत्प्रेरणा आरोग्य सिद्धान्तमा आधारित रहेको छ (शिवाकोटी, २०६२) ।

**२.३.३ भर्नावस्थाको अवधारणात्मक ढाँचा**


यो विषयको भर्नावस्था अध्ययनका लागि निम्नानुसारको अध्ययनको अवधारणात्मक ढाँचा प्रयोग गरिएको छ




यस अध्ययनको सम्बन्धमा जानकारी प्राप्त गर्न यससँग सम्बन्धित माथि उल्लेख गरिएका महत्त्वपूर्ण चरहरूको अध्ययन गर्नुपर्ने देखिएको छ। उल्लिखित विभिन्न पक्षहरूको अध्ययनबाट विद्यार्थीहरूको वर्तमान अवस्थामा प्राथमिक विद्यालय भर्नाको के कस्तो अवस्था रहेकोछ र भर्नाले शिक्षण सिकाइमा के कस्तो प्रभाव पारेको छ भन्ने जानकारी प्राप्त गर्न सकिने देखिएकोले उक्त विविध पक्षहरूको अध्ययन मुख्य रूपमा यस अनुसन्धानको क्रममा गरिनेछ।

### २.३.४ सुधारको अवधारणात्मक ढाँचा

विद्यालयमा विद्यार्थीको भर्ना अवस्थामा सुधार ल्याउनका लागि विद्यालयहरु मार्फत गरिएको सुधारको अवधारणको ढाँचालाई  निम्नानुसार अध्ययन गरिएको छ :




वर्तमान अवस्थामा सामुदायिक प्राथमिक विद्यालयहरुमा विद्यार्थी भर्नादर बढाउनका लागि गरिएका माथि उल्लेखित  प्रयासहरुलाई अध्ययनको केन्द्रभागमा राखेर अगाडि बढाउने उद्देश्यका साथ यो अवधारणात्मक ढाँचालाई प्रस्तुत गरिएको छ ।

# परिच्छेद ३

## अनुसन्धान विधि

### ३.१ अध्ययनको ढाँचा

अनुसन्धान एउटा जटिल प्रक्रिया हो । यसलाई सहज तरिकाबाट सञ्चालन गर्न अनुसन्धानकर्ताले विषयवस्तुको आवश्यकता अनुसारको विधि वा तरिकालाई अवलम्बन गर्दछ । यहाँ प्रस्तुत विषयको अनुसन्धानको लागि परिमाणात्मक तथा गुणात्मक अनुसन्धान विधिलाई अवलम्बन गरिएकोछ ।

| अध्ययनका उद्देश्यहरु | सामग्री | प्रतिक्रियादाताहरु | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | प्रधानाध्यापक | शिक्षक | अभिभावक/ स्थानीय व्यक्ति | विद्यार्थी | |
| सामुदायिक प्रा. वि.को विद्यार्थी भर्नाको अवस्था पत्ता लगाउनु | अन्तरवार्ता भर्ना अभिलेख अध्ययन | ✓ | ✓ | ✓ | | अनुसन्धानकर्ता स्वयंले |
| विद्यार्थीले विद्यालय छाड्ने दर र कारण पत्ता लगाउनु | अन्तरवार्ता, भर्ना र वार्षिक परीक्षामा संमिलित विद्यार्थीको अभिलेख अध्ययन | ✓ | ✓ | ✓ | | अनुसन्धानकर्ता स्वयंले |
| शिक्षण सिकाइ क्रियाकलापको अवस्था पत्ता लगाउनु | अन्तरवार्ता रुजुसुची समूह छलफल | ✓ | ✓ | | ✓ | अनुसन्धानकर्ता स्वयंले |
| सिकाइ उपलब्धिको स्तर पत्ता लगाउनु | वर्षिक परीक्षाको नतिजा अभिलेख अध्ययन | | | | | अनुसन्धानकर्ता स्वयंले |

## ३.२ अध्ययनको जनसङ्ख्या

अध्ययनमा कोशी अञ्चलस्थित सुनसरी जिल्ला, धरान नगरपालिका, पाँचकन्या, बराहक्षेत्र र भरौल गा.वि.स.का पाँचवटा सामुदायिक प्राथमिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरू, उक्त विद्यालयमा अध्यापनरत शिक्षकहरू तथा उक्त विद्यालयका प्रधानाध्यापकज्यूहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.३ नमुना छनौट

यस अध्ययनलाई वस्तुनिष्ठ र यथार्थापरक बनाउनका साथै सीमित समय, साधन र स्रोतको उपयोग गरी अनुसन्धानलाई पूर्णता प्रदान गर्न निम्नानुसार नमुना छनौट गरिएको छ :

### ३.३.१ जिल्ला छनौट

यस अध्ययनलाई सम्पन्न गर्नका लागि सुविधाजनक नमुना छनौट विधि अपनाई कोशी अञ्चलको सुनसरी जिल्लालाई नमुना जिल्लाको रूपमा छनौट गरिएको छ ।

### ३.३.२ विद्यालय र प्र.अ.छनौट

यस अध्ययनमा सुविधाजनक नमुना छनौट विधि अपनाई सुनसरी जिल्लाको धरान नगरपालिका,पाँचकन्या,बराहक्षेत्र र भरौल गा.वि.स.का पाँचवटा सामुदायिक प्राथमिक विद्यालयलाई नमुना विद्यालयको रूपमा छनौट गरिएको छ र सोही विद्यालयका प्रधानाध्यापकहरुलाई उद्देश्यमूलक नमूना छनौट विधिको प्रयोग गरी छनौट गरिएको छ ।

### ३.३.३ शिक्षक र विद्यार्थी छनौट

यस अध्ययनका लागि छनौटमा परेका विद्यालयका शिक्षकहरूलाई उद्देश्यात्मक नमुना छनौट विधिको प्रयोग गरी नमुना शिक्षकको रूपमा छनौट गरिएको छ साथै नमुना छनौटमा परेका विद्यालयमा कक्षा ४ र ५ मा अध्ययन गर्ने विद्यार्थीहरू मध्ये प्रत्येक विद्यालयका प्रत्येक कक्षाबाट ३/३ जना विद्यार्थीहरूलाई सम्भावनायुक्त नमुना छनौट विधिको प्रयोग गरी नमुना विद्यार्थीको रूपमा छनौट गरिएको छ ।

### ३.३.४ अभिभावक तथा स्थानीय व्यक्ति

यस अध्ययनका लागि छनौटमा परेका प्रत्येक विद्यालयहरुको प्रभाव क्षेत्र अन्तरगत पर्ने स्थानहरुबाट ७ जनाका दरले ३५ जना अभिभावक तथा स्थानीय व्यक्तिहरुलाई सम्भावनायुक्त छनौट विधिका आधारमा छनौट गरिएको छ।

## ३.४ तथ्याङ्क सङ्कलन स्रोतहरू

कुनैपनि अध्ययनका लागि तथ्याङ्क संकलन प्रक्रिया नै महत्वपूर्ण कार्य हो। अध्ययनको वैधता र विश्वसनीयता नै तथ्याङ्क संकलन प्रक्रियामा भर पर्दछ। अतः शोधकर्ता स्वयं विद्यालय तथा अभिभावकको घरदैलोमा उपस्थित भई तथ्याङ्क सङ्कलन गरिएको छ। अध्ययनका लागि आवश्यक पर्ने सम्बन्धित विद्यालयहरूका अभिलेखहरूलाई तथ्याङ्कको सहायक स्रोतको रुपामा उपयोग गरी सङ्कलन गरिएको छ।

### ३.४.१ प्राथमिक स्रोतहरू

यस अध्ययनका लागि नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापकहरूसँग अन्तरवार्ता, शिक्षकहरूसँग अन्तरवार्ता तथा कक्षा अवलोकन, अभिभावक तथा स्थानीय व्यक्तिहरू बीच अन्तरवार्ता र विद्यार्थीहरूसँग लक्षित समूहछलफल गराई प्राथमिक सूचनाहरू सङ्कलन गरिएको छ।

### ३.४.२ सहायक स्रोतहरू

यस अध्ययनका लागि सम्बन्धित विद्यालयहरूका अभिलेखहरूबाट सहायक (गौण) सूचनाहरू सङ्कलन गरिएको छ।

## ३.५ तथ्याङ्क सङ्कलनका साधनहरूको निर्माण

यस अध्ययनका लागि निम्न साधनहरूको निर्माण गरी आवश्यक सूचनाहरू सङ्कलन गरिएको छ

### ३.५.१ अन्तरवार्ता सूची

दुई वा दुईभन्दा बढी व्यक्तिहरू एक अर्काको आमनेसामने बसी निश्चित उद्देश्यमा केन्द्रित भई दोहोरो वार्तालाप गरी आवश्यक सूचनाहरू सङ्कलन गर्ने साधन नै अन्तरवार्ता

हो । यस अध्ययनमा छनौटमा परेका विद्यालयका नमुना छनौटमा परेका प्रधानाध्यापक, शिक्षक तथा अभिभावकसँग अन्तरवार्ता गरी आवश्यक सूचनाहरू सङ्कलन गरिएको छ । जसका लागि अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ बमाजिमका अन्तरवार्ता सूचीको प्रयोग गरिएको छ ।

### ३.५.२ लक्षित समूह छलफल निर्देशिका

समान विशेषता भएका व्यक्तिहरूको समूह बनाई निश्चित मुद्दा, समस्या वा विषयका बारेमा छलफल गरी निष्कर्षमा पुग्ने विधि लक्षित समूह छलफल हो । यस अध्ययनलाई अगाडि बढाउन छनौटमा परेका विद्यार्थीहरु बीच लक्षित समूह छलफल गराई आवश्यक सूचनाहरूको सङ्कलन गरिएको छ । यसका लागि अनुसूची-४ बमोजिमको लक्षित समूह छलफल निर्देशिकाको प्रयोग गरिएको छ ।

### ३.५.३ रुजुसूची

कुनै पनि अध्ययनको विषयवस्तुलाई बिनानियन्त्रण प्रत्यक्ष रूपमा हेरेर आवश्यक सूचनाहरू सङ्कलन गर्ने विधि नै अवलोकन हो । यस अध्ययनका लागि नमुना छनौटमा परेका शिक्षकहरूको कक्षालाई सहभागितात्मक अवलोकन गरी आवश्यक सूचनाहरू सङ्कलन गरिएको छ, जसका लागि अनुसूची-५ बमोजिमको रुजुसूचीको प्रयोग गरिएको छ । विद्यालयको वाह्य पक्षहरुको अवलोकनका लागि अनुसुची -६ बमोजिमको रुजुसूचीको प्रयोग गरी तथ्याङ्कहरु संकलन गरिएको छ ।

## ३.६ साधनको वैधता

यस अध्ययनको क्रममा आवश्यक सूचनाहरू सङ्कलन गर्नका लागि विभिन्न साधनहरूको निर्माण गरिएकोछ र ती साधनहरूले आवश्यक सूचना सङ्कलन गर्न सक्छन् कि सक्दैनन् भन्ने कुरा शोध निर्देशकसँग आवश्यक छलफल गरी यस अध्ययनका लागि आवश्यक पर्ने सूचनाहरू प्राप्त हुने देखिएकाले निर्माण गरिएका साधनहरूको वैधता कायम गरिएको छ ।

## ३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययनका क्रममा प्राथमिक सूचनाहरु सङ्कलन गर्नका लागि अध्ययनकर्ता स्वयम् एकजना सहयोगीका साथ नमूना छनौट गरिएका विद्यालयहरूमा स्थलगत रूपमा पुगी नमुना छनौटमा परेका विद्यालयका शिक्षकहरू, प्रधानाध्यापकहरू र अभिभावक तथा स्थानीय व्यक्तिहरूसँग अनुसूचीमा उल्लेख गरिए अनुसारको अन्तरवार्तासूची प्रयोग गरी अन्तरवार्ता लिइएको छ । त्यसबाट अध्ययनका लागि आवश्यक सूचनाहरू सङ्कलन गरिएकोछ । अध्ययनकर्ता आफैंले स्थलगत भ्रमण गरी छनौटमा परेका विद्यालयहरुको रुजुसूचीका आधारमा र विद्यार्थीहरुका बीच अनुसूचीमा उल्लेख गरिए अनुसारको निर्देशिकाको आधारमा समूह छलफल गरी सूचना संकलन गरिएको छ ।

# परिच्छेद चार

## नतिजा र व्याख्या

प्रस्तुत अनुसन्धान कार्य सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थी भर्नाको अवस्था र यसले शिक्षण सिकाइमा पारेको प्रभाव शीर्षकमा गरिएको छ । नेपाली जनताका नयाँ पुस्तालाई शिक्षित बनाउनका लागि सरकारी लगानी र समुदायको व्यवस्थापनमा सञ्चालित सामुदायिक विद्यालयहरु र निजी लगानी तथा व्यवस्थापनमा सञ्चालित संस्थागत तथा निजी विद्यालयहरु निरन्तर रुपमा क्रियाशील छन् । ती विद्यालयहरु मध्ये सामुदायिक प्राथमिक विद्यालयको भर्ना अवस्था र त्यसले शिक्षण सिकाइमा पारेको प्रभाव सम्बन्धी अध्ययन गर्न अनुसन्धानकर्ता स्वयं स्थलगत रूपमा नमुना छनोट गरिएका विद्यालयमा पुगी सम्बन्धित प्रतिक्रियादाताहरुसंग अन्तरक्रिया एवं पत्रपत्रिका, लेख-रचना आदिबाट प्राप्त सामग्रीलाई अनुसन्धानको उद्देश्यमा केन्द्रित रही निम्नानुसारका विभिन्न शीर्षकहरुमा विभाजन गरी सिलसिलेवार रुपमा  विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१ सामुदायिक प्राथमिक विद्यालयको भर्ना र विद्यार्थीले विद्यालय छोड्ने दरको अवस्था

शिक्षा जीवनलाई गुणस्तरीय बनाउने आधारभूत तत्व हो । शिक्षा नै देश विकासका लागि आवश्यकीय दक्ष जनशक्ति निर्माण गर्ने महत्वपूर्ण आधार हो । यही कुरालाई मध्यनजर गरी नेपाल सरकारले आफ्नो वार्षिक बजेटको लगभग सत्र प्रतिशत बजेट शिक्षा क्षेत्रमा छुट्याएको छ तर पनि नेपालका सामुदायिक प्राथमिक विद्यालयहरुमा विद्यार्थी संख्या घट्दै गइरहेको छ । सामुदायिक प्रा.वि. हरुमा भर्ना भएका विद्यार्थीहरुमा  पनि केही विद्यार्थीहरुले  शैक्षिक सत्रको अध्ययनलाई पुरा नै नगरी वीचैमा विद्यालय छाड्ने गरेको पाइयो । यसको अवस्था के रहेछ भनी विद्यालयको विगत तीन वर्षको भर्ना अभिलेख र अन्तिम परीक्षामा सहभागी हुने विद्यार्थीको संख्याका आधारमा तुलना गर्दा यो संख्या निक्कै ठूलो रहेको पाइयो ।

सामुदायिक प्राथमिक विद्यलयमा विद्यार्थी भर्ना र भर्ना भएका विद्यार्थीहरु मध्ये एक शैक्षिक सत्र पूरा नगरी विद्यालय छाड्ने विद्यार्थी दरको अवस्थमा केन्द्रित रही अनुसन्धानकर्ताले विभिन्न स्रोतहरुबाट संकलन गरेका जानकारीहरुलाई निम्नानुसार विश्लेषण गरिएको छ :

### ४.१.१ विद्यार्थी भर्नाको अवस्था

विगत लामो समयदेखि धरान नगरपालिका, पाँचकन्या, भरौल र बराहक्षेत्र गा.वि.स. मा रही तत् तत् क्षेत्रको शैक्षिक विकासमा निरन्तर काम गरिरहेका छनोटमा परेका सामुदायिक प्रा.वि.हरुमा विद्यार्थी भर्नाको अवस्था निम्नानुसार रहेको पाइयो :

#### ४.१.१.१ शिक्षक

विगत ५ वर्षभन्दा कम र १५ वर्षभन्दा बढीको शिक्षण अनुभव प्राप्त गरिसकेका शिक्षकहरुका अनुसार विगतमा विद्यालयमा भौतिक संरचना र सामाग्रीको अभाव रहँदा पनि विद्यार्थीको संख्या उल्लेख्य थियो भने हालका दिनहरुमा विद्यार्थीको संख्या निकै कम भएको वास्तविकता शिक्षकहरुसँग गरिएको प्रश्नावलीले पुष्टि गरेको छ । अध्ययनका लागि छनोटमा परेका पाँचवटा विद्यालयहरुका २३ शिक्षकहरुले उत्तर दिने क्रममा विद्यार्थीको संख्या विगतको तुलनामा क्रमिक रुपले घट्दै गएको कुरा उल्लेख गरेका छन् । जलदेवी प्रा.वि. बराहक्षेत्रमा भने विद्यार्थी भर्नामा उतारचढाव रहेको कुरा त्यहाँका ६ जना शिक्षकहरुले वताएका छन् ।

#### ४.१.१.२ प्रधानाध्यापक

विगत १२ देखि २७ वर्षसम्मको शैक्षिक अनुभव बटुली सकेका र ५ वर्षदेखि १५ वर्षभन्दा माथिको समयसम्म विद्यालय प्रशासन सम्हाली सक्नुभएका प्रधानाध्यापकहरुले पनि आफ्नो कार्यकालमा सुरुका वर्षहरुमा जस्तो विद्यार्थी भर्ना नभएको तथ्यलाई स्वीकार गर्नुभएको छ । विगतका दिनहरुमा विद्यालयको दयनीय अवस्था हुँदा पनि कक्षाकोठाहरुमा विद्यार्थीको संख्या खचाखच हुन्थ्यो भने हालका वर्षहरुमा त्यो संख्यामा क्रमिक रुपले घट्दै गएको छ । पाँचवटा विद्यालय मध्ये चारवटा विद्यालयका प्र.अ. हरुले क्रमिक रुपले विद्यालयमा विद्यार्थीको संख्या घट्दै गएको कुरा स्वीकारेको पाइयो भने जलदेवी प्रा.वि. का प्र. अ. ले भने विद्यार्थी भर्नामा क्रमिक रुपले घट्दै गएको भन्दा पनि सानो परिमाणमा कुनै वर्षमा घट्ने र कुनै वर्षमा बढ्ने कुरा बताएबाट सामुदायिक प्राथमिक विद्यालयहरुमा विगतको तुलनामा विद्यार्थी संख्यामा क्रमिक रुपले कमी आउँदै गएको तथ्य नै प्रष्ट हुन्छ ।

### ४.१.३ अभिभावक तथा स्थानीय व्यक्ति

प्रस्तुत अध्ययनमा छनोटमा परेका विद्यालयका अभिभावक तथा स्थानीय व्यक्तिहरू बीच सामुदायिक प्राथमिक विद्यालयमा भर्नाको अवस्था के कस्तो छ ? भन्ने समसामयिक विषयलाई आधार बनाएर गरिएको प्रश्नोत्तरबाटा निस्किएको निष्कर्षले पनि सामुदायिक प्राथमिक विद्यालयको विद्यार्थी भर्नादर कमजोर हुँदै गएको तथ्यलाई उजागर गरेको छ साथै सामुदायिक प्राथमिक विद्यालयले विद्यार्थीलाई विद्यालय तर्फ आकर्षण गर्न नसकेको नै स्वीकार गरेको छ ।

### ४.१.४ अभिलेख अध्ययन

प्रस्तुत अध्ययनमा छनोटमा परेका सामुदायिक प्राथमिक विद्यालयहरुको विगत तीन वर्ष(वि.सं. २०६८ देखि वि.सं. २०७० सम्म)को भर्ना अभिलेखको तथ्याङ्कलाई यहाँ तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १

जनता प्रा.वि., पाँचकन्याको विद्यार्थी भर्ना अभिलेख

| साल / कक्षा | २०६८ | २०६९ | २०७० |
|---|---|---|---|
| १ | १७ | १५ | ११ |
| २ | २१ | १४ | १२ |
| ३ | २२ | १७ | १३ |
| ४ | २६ | १७ | १३ |
| ५ | २५ | २१ | १७ |
| जम्मा | १०१ | ८४ | ६६ |

जनता प्रा. वि. पाँचकन्यामा विगत तीन वर्षदेखि क्रमिक रुपले विद्यार्थी भर्ना संख्या घटेको तथ्यलाई माथिको तालिकाबाट प्रष्ट पार्न सकिन्छ । वि.सं. २०६८ सालमा विभिन्न कक्षामा जम्मा गरी १०१ विद्यार्थी भर्ना भएका थिए । वि.सं. २०६९ सालमा कक्षा १ देखि कक्षा ५ सम्म गरी जम्मा ८४ जना विद्यार्थी मात्रा विद्यालयमा भर्ना भएको पाइयो । त्यसैगरी वि.सं. २०७० सालको विद्यार्थी संख्या अझ घटेर सवै कक्षामा गरी जम्मा ६६ मात्र रहेको पाइयो ।

तालिका नं. २

रणदेवी प्रा.वि. पाँचकन्याको विद्यार्थी भर्ना अभिलेख

| साल / कक्षा | २०६८ | २०६९ | २०७० |
|---|---|---|---|
| १ | ३४ | ३५ | २५ |
| २ | ४२ | ३३ | २९ |
| ३ | ३९ | ३६ | ३२ |
| ४ | ३९ | ३५ | ३२ |
| ५ | ४३ | ३४ | ३० |
| जम्मा | १९७ | १७३ | १५८ |

रणदेवी प्रा.वि. पाँचकन्याको वि.सं. २०६८ देखि वि.सं. २०७० सालसम्मको विद्यार्थी भर्नाको अवस्थालाई केलाउँदा वि.सं. २०६८ मा कक्षा १ देखि कक्षा ५ सम्म जम्मा १९७ जना  विद्यार्थी भर्ना भएको पाइयो । वि.सं. २०६९ सालमा सो विद्यार्थी संख्या घटेर १७३ जना मात्र विद्यालयमा भर्ना भएको पाइयो  यो क्रमले  वि.सं. २०७०को भर्ना दरलाई पनि अछुतो रहन दिएन । वि.सं. २०७० मा जम्मा १५८ जना मात्र  विद्यार्थी भर्ना भएको पाइयो । यिनै भर्नाको प्राप्त तथ्याङ्कलाई केलाएर हेर्ने हो भने पनि रणदेवी प्रा.वि. पाँचकन्यामा हरेक वर्ष विद्यार्थी भर्नामा कमी आएको सत्यतालाई स्वीकार गर्नु पर्दछ ।

तालिका नं. ३

जनता प्रा.वि. धरानको विद्यार्थी भर्ना अभिलेख

| साल / कक्षा | २०६८ | २०६९ | २०७० |
|---|---|---|---|
| १ | ३१ | २१ | १३ |
| २ | ३५ | २५ | १३ |
| ३ | ३२ | ३० | २१ |
| ४ | ३५ | २९ | २५ |
| ५ | ३५ | २९ | २४ |
| जम्मा | १६८ | १३४ | ९६ |

जनता प्रा.वि. धरानको विगत तीन वर्षको विद्यार्थी भर्नाको अवस्थालाई अध्ययन गर्दा हरेक वर्षको विद्यार्थी भर्नाको अवस्था कमजोर बन्दै गएको वास्तविकतालाई स्वीकार गर्न सकिन्छ । वि.सं. २०६८सालमा जनता प्रा.वि. धरानमा कक्षा १देखि कक्षा ५ सम्म

जम्मा १६८ जना विद्यार्थी भर्ना भएको तथ्य विद्यालयको विद्यार्थी भर्ना अभिलेखले देखाएको पाइयो ।त्यस पछाडिका दुई वर्षहरु वि.सं. २०६९ र वि.सं. २०७० सालहरुमा क्रमिक रुपले विद्यार्थी संख्या घटेर १३४ र ९६ जनामा सिमित भएको पाइयो ।

तालिका नं. ४

रामजानकी प्रा.वि. भरौलको विद्यार्थी भर्ना अभिलेख

| साल / कक्षा | २०६८ | २०६९ | २०७० |
|---|---|---|---|
| १ | ४३ | ३३ | २७ |
| २ | ३७ | ३७ | २९ |
| ३ | ४६ | ३५ | ३५ |
| ४ | ४७ | ४३ | ३० |
| ५ | ४३ | ४६ | ३७ |
| जम्मा | २१६ | १९४ | १५८ |

रामजानकी प्रा.वि. भरौलको पछिल्ला तीन वर्षका विद्यार्थी भर्नाको अवस्थालाई विश्लेषण गरेर हेर्दा वि.सं. २०६८, वि.सं. २०६९ र वि.सं. २०७० सालमा क्रमिक रुपले विद्यार्थी संख्या घट्दै गएको पाइयो । वि.सं. २०६८सालमा कक्षा १ देखि कक्षा ५ सम्ममा जम्मा २१६जना विद्यार्थी भर्ना भएको तथ्याङ्क पाइयो भने वि.सं. २०६९सालमा सोही कक्षाहरुमा जम्मा १९४ जना विद्यार्थीहरु भर्ना भएको पाइयो । त्यसैगरी वि.सं. २०७० सालमा सो विद्यालयको जम्मा भर्ना भएका विद्यार्थी संख्या १५८ मात्र रहेको पाइयो ।

तालिका नं. ५

जलदेवी प्रा. वि., वराहक्षेत्रको विद्यार्थी भर्ना अभिलेख

| साल / कक्षा | २०६८ | २०६९ | २०७० |
|---|---|---|---|
| १ | २९ | ३९ | ३२ |
| २ | ३६ | २६ | ३५ |
| ३ | ३१ | ३१ | २४ |
| ४ | २४ | २३ | २८ |
| ५ | २७ | १५ | १९ |
| जम्मा | १४७ | १३४ | १४२ |

जलदेवी प्रा.वि. वराहक्षेत्रको गएका तीन वर्षको विद्यार्थी भर्नाको अवस्थालाई हेर्ने हो भने वि.सं. २०६८सालमा जम्मा १४७ जना विद्यार्थी भर्ना भएको पाइयो । यसैगरी वि.सं. २०६९ सालमा विद्यार्थीको यो संख्या घटेर १३४ भयो भने वि. सं. २०७० सालमा पुनः विद्यार्थी संख्या बढेर १४२ पुगेको पाइयो । भर्नाको यो तथ्यलाई विश्लेषण गरेर हेर्ने हो भने यो विद्यालयमा विद्यार्थी भर्नाको अवस्थामा उतारचढाव रहेको पाइयो ।

प्रस्तुत अध्ययनका लागि प्रयोग गरिएका सूचना संकलनका साधनहरुबाट प्राप्त भएको सूचनाहरुका आधारमा हेर्दा शिक्षकहरुका भनाइमा विगत केही समयदेखि विद्यार्थीहरुको विद्यालय प्रवेशको संख्यामा प्रतिवर्ष कमी आएको पाइयो । प्रधानाध्यापकहरुका अनुभवहरुलाई आधार बनाउने हो भने पनि विगतको तुलनामा सामुदायिक प्रा.विहरुमा प्रवेश गर्ने विद्यार्थीको संख्यामा क्रमिक रुपले कमी आएको स्वीकारोक्ति पाइयो त्यसैगरी अभिभावक तथा स्थानिय व्यक्तिहरु वीच गरिएको कुराकानीबाट पनि सामुदायिक प्रा.वि.हरु मा आउने विद्यार्थीहरुको संख्या घटेको तथ्यलाई नै पुष्टि गरेको पाइयो । त्यसै गरी विगत तीन वर्षदेखिको विद्यालयको विद्यार्थी भर्नाको अभिलेखले पनि समग्रमा विद्यार्थी घटेको सत्यतालाई नै प्रस्ट्याएको पाइयो :

तालिका नं. ६

विद्यार्थी भर्नाको तुलनात्मक अवस्था


| **साल** / **विद्यालय** | **२०६८** | **२०६९** | **२०७०** |
|---|---|---|---|
| जनता प्रा. वि. पाँचकन्या | १०१ | ८४ | ६६ |
| रणदेवी प्रा.वि. पाँचकन्या | १९७ | १७३ | १५८ |
| जनता प्रा.वि. धरान | १६८ | १३४ | ९६ |
| रामजानकी प्रा.वि. भरौल | २१६ | १९४ | १५८ |
| जलदेवी प्रा.वि. वराहक्षेत्र | १४७ | १३४ | १४२ |
| जम्मा | ८२९ | ७१९ | ६२० |

अध्ययनका लागि छिनौटमा परेका पाँच वटा विद्यालयहरुमा निरन्तर रुपमा विद्यार्थीहरुको विद्यालयमा प्रवेश गर्ने दरमा कमी आएको पाइयो । पाँच वटै विद्यालयमा भर्ना हुने विद्यार्थीहरुको जम्मा संख्यावि.सं. २०६८ सालमा ८२९ जना रहेको पाइयो, वि.सं. २०६९ सालमा ७१९ जना विद्यार्थी भर्ना भएको पाइयो भने वि.सं. २०७० सालमा यो संख्या घटेर ६२० जनामा सिमित भएको पाइयो । प्रस्तुत तथ्याङ्कलाई आधार बनाउँदा वि.सं २०६८

सालको तुलानामा वि.सं २०६९ सालमा विद्यार्थीको संख्यामा ११० जनाले कमी आएको देखियो भने वि.सं. २०७० सालमा विद्यार्थीको संख्यामा ९९ जनाले कमी  आएको पाइयो ।

अध्ययनका लागि छनौटमा परेका पाँच वटा विद्यालयहरुको विगत तीन वर्षको विद्यार्थी भर्नाको अवस्थालाई निम्नानुसारको रेखाचित्रमा प्रस्तुत गरिएको छ :

चित्र नं. १
विद्यार्थी भर्नाको अवस्था




माथिको रेखाचित्रमा लम्वीय रुपमा विद्यालय भर्ना भएका विद्यार्थीको संख्या राखिएको छ । धरातलीय रुपमा छनौटमा परेका पाँचवटा विद्यालयहरुलाई क्रमश: १ जनता प्रा.वि. पाँचकन्या, २ रणदेवी प्रा. वि. पाँचकन्या, ३ जनता प्रा.वि. धरान,४ रामजानकी प्रा. वि., ५ जलदेवी प्रा.वि. बराहक्षेत्र राखिएको छ । ईंटाकार संकेतले वि.सं. २०६८ को, वर्गाकार संकेतले वि.सं. २०६९ सालको र त्रिभुजाकारले संकेतले वि.सं. २०७० सालको तथ्याङ्कलाई जनाउँदछ ।

अनुसन्धानकर्ता स्वयं एक जना सहयोगीको साथमा माथि उल्लेखित विद्यालयहरुमा उपस्थित भई विद्यालयले विगत राखेको विगत तीन वर्षको भर्नाको अभिलेखलाई अध्ययन गर्दा जलदेवी प्रा.वि. बराहक्षेत्र वाहेकका सवै विद्यालयहरुमा वर्षेनी विद्यार्थी भर्ना दर घट्दै गएको पाइयो । जलदेवी प्रा.वि. बराहक्षेत्रमा वि.सं. २०६८ सालको तुलनामा २०६९ सालमा १३ जना विद्यार्थी घटेको पाइएता पनि वि.सं. २०७० सालमा केही सुधार भई १३४ जनाबाट विद्यार्थी संख्या बढेर १४२ जना पुगेको पाइयो ।

### ४.१.२ विद्यार्थी भर्नामा कमी आउनका कारणहरु

सामुदायिक प्रा.वि.हरुमा विद्यार्थी भर्नामा कमी आउका कारणहरुलाई केलाउने क्रममा निम्न तथ्यहरु प्राप्त भए :

#### ४.१.२.१ शिक्षक

छनौटमा परेका विद्यालयका शिक्षकहरुसँग गरिएको प्रश्नोत्तरका क्रममा सामुदायिक विद्यालयको विद्यार्थी भर्नामा कमी आउनुको एउटा कारण देशव्यापी रुपमा जन्मदरमा कमी आउनु हो । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार नेपालको हालको जनसंख्या बृद्धिदर १.३५ प्रतिशत रहेकाले यो तथ्यलाई पुष्टि गरिदिएको छ (केन्द्रीय तथ्याङ्क विभाग )।

विद्यालयको भौतिक संरचना, माध्यम भाषा, दिइने सेवा सुविधाका कारणहरुले पनि विद्यालयमा विद्यार्थीको कम चासो भएको तथ्य विद्यालयका शिक्षकहरुको जवाफबाट पाइयो । विद्यालयका शिक्षकहरुका विचमा रहेको विभेद, लामो समयदेखि अस्थायी, निजीस्रोत, ज्यालादारी, पी.सी.एफ., राहत जस्ता नाम धारण गराएका गरीएका व्यवहार आदिले शिक्षकहरुको काम गर्ने उर्जाशक्तिलाई विखण्डित गरेको कुरा शिक्षकहरुसँग गरिएको कुराकानीका क्रममा प्राप्त भयो ।

#### ४.१.२.२ अभिभावक तथा स्थानीय व्यक्ति

स्थानीय व्यक्ति तथा अभिभावकहरुसंगको प्रश्नोत्तरमा विगत एक दशक अगाडिसम्म एउटा परीवारबाट विद्यालयमा आउने विद्यार्थीको क्रम नटुट्ने अवस्था थियो भने हाल आएर जनमानसमा आएको चेतनाले विद्यालय उमेरका नानीहरुको संख्यामा नै कमी आएको कुरा

थाह पाइयो । एउटा परीवारमा दुई सन्तान प्राय हुने भएकाले ति सन्तानले विद्यालय छाडेपछि निकै समय ति घरहरुबाट विद्यार्थी विद्यालयमा नआउने अवस्था रहेको पाइयो ।

अंग्रेजी माध्यमबाट अध्ययापन गराइनु, विभिन्न प्रकारका खेलकुदका सामग्रीहरुको प्रयोग गरीनु, घरैपिच्छे जस्तो वोर्डिङ स्कुलहरु खोलिनु, साना नानीहरुको स्याहारका लागि धाइआमाको  व्यवस्था गरिनु आदिले भएका नानीहरु पनि बोर्डिङ स्कुल तिर जानुका  साथै बेलाबेलामा सामुदायिक विद्यालयमा हुने बन्द हडतालहरुका कारण पनि विद्यार्थी संख्यामा कमी आएको पाइयो ।

हर्जवर्गले मानवीय स्रोतको परिचालनका लागि उत्प्रेरणा आरोग्य सिद्धान्तको प्रतिपादन गरेका थिए । उनीद्वारा प्रतिपादिन सिद्धान्त सामुदायिक विद्यालयका शिक्षकहरुको हकमा पनि लागू भएको पाइयो । उनीहरुको मानसिक अवस्थामा आएको विचलनले उनीहरुलाई रुग्ण वनाएको पाइयो । उनीहरुलाई स्वस्थ बनाउनका लागि पेट भर्ने खाना, आङ ढाक्ने कपडा र टाउको लुकाउने आवास जस्ता कुराहरुको अपूर्णताले शैक्षिक जाँगर घटेको पाइयो । त्यसैगरीविद्यालयको भौतिक संरचना, माध्यम भाषा, दिइने सेवा सुविधाका कारणहरुले पनि विद्यालयमा विद्यार्थीको कम चासो भएको अभिभावक तथा स्थानीय पाइयो ।

### ४.१.३ भर्नादर बढाउन गरिएका प्रयासहरु

सामुदायिक विद्यालयहरुमा विद्यार्थीको संख्या बढाउनका लागि छनौटमा परेका सबै विद्यालयहरुले विद्यालय स्वागत कार्यक्रम संचालन गरेको पाइयो । पाँचवटा विद्यालय मध्ये एउटा विद्यालयमा निशुःक दिवा खाजाको व्यवस्था गरेको पाइयो । दुईवटा विद्यालयहरुले शिक्षण कार्यमा अंग्रेजी माध्यमको प्रयोग गर्न थालेको पाइयो । तीनवटा विद्यालयले खेलकुदका सामग्री हरु विद्यार्थीलाई सहज तरिकाले उपलब्ध गराउने गरेको पाइयो । पाँचैवटा विद्यालयहरुमा विद्यार्थीहरु विद्यालयमा रहरले आउने भन्ने प्रयत्न स्वरुप विद्यालयलाई बालमैत्री बनाउने प्रयत्न स्वरुप कम्तीमा एउटा कक्षाकोठालाई बालमैत्री कक्षाकोठा बनाउने अभ्यासको थालनी भएको पाइयो । सबै विद्यालयहरुमा सरकारद्वारा उपलब्ध गराइएको छात्रबृत्ति समयमा नै वितरण गर्ने गरेको पाइयो । विद्यालयमा असफल हुने डरले विद्यार्थीहरुको आगमनमा कमी नहोस् भनी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणली प्रयोगमा ल्याउने गरेको पाइयो ।

विद्यालयमा विद्यार्थीको भर्नादर बढाउनका लागि विद्यालयले निरन्तर प्रयत्न गरेपनि विद्यालयमा आउने विद्यार्थीको संख्यामा खासै सुधार हुन सकेको पाइएन । सम्बन्धित निकायहरुबाट जिम्मेवारी पाएका स्रोत व्यक्ति तथा वि.नि. हरुको विद्यालयमा नियमित अनुगमन हुन नसकेका कारण र कामको आधारमा प्रोत्साहन दिने परिपाटिको कमीका कारण पनि विद्यालयमा विद्यार्थी भर्नामा कमी आएको कुरा विद्यालयका तीन जना प्र. अ.हरुको भनाइ रहेको पाइयो ।

## ४.२ विद्यालय छाड्ने दर

प्रस्तुत अध्ययनमा छनोटमा परेका सामुदायिक प्राथमिक विद्यालयहरुको विगत तीन वर्षको भर्ना अभिलेखलाई अध्ययन गर्दा विद्यालयहरुको हरेक वर्षको विद्यार्थी भर्ना संख्या घट्दै गएको पाइयो । भर्ना भएका विद्यार्थीहरु सवैले शैक्षिक-सत्र भरी विद्यालयमा उपस्थित भएर अध्ययन गर्ने गरेको छ वा छैन भनी विद्यार्थीहरुको विद्यालय छाड्ने दर पत्ता लगाउन अध्ययनकर्ता स्वयंबाट गरीएको अभिलेख अध्ययनले निम्नानुसारको वास्तविकतालाई उजागर गरेको छ :

तालिका नं. ७
विद्यालय छाड्ने दर


| साल / विद्यालय | २०६८ | २०६९ | २०७० |
|---|---|---|---|
| जनता प्रा. वि. पाँचकन्या | १४ | ९ | १३ |
| रणदेवी प्रा.वि. पाँचकन्या | ११ | ११ | १८ |
| जनता प्रा.वि. धरान | १४ | १७ | ९ |
| रामजानकी प्रा.वि. भरौल | ११ | १० | १२ |
| जलदेवी प्रा.वि. बराहक्षेत्र | ६ | ७ | ४ |
| जम्मा | ५६ | ५४ | ५६ |

प्रस्तुत विद्यालयीय अभिलेखलाई आधार मान्दा छनौटमा परेका पाँचवटा विद्यालयहरुमा वि.सं २०६८ सालमा ५६ जना विद्यार्थीले वीचैमा कक्षा छाडेको पाइयो । वि.सं. २०६९ सालमा तिनै विद्यालयहरुमा भर्ना भएर विद्याद्यय छाड्ने विद्यार्थीको संख्यामा खासै कमी आएको पाइएन । शै.स. २०६९ मा २ जनाको संख्यामा कमी आई  ५४ जना विद्यार्थीले वीचैमा कक्षा छाडी विद्यालयबाट वाहिरिएको पाइयो । त्यसैगरी वि.सं. २०७०

सालमा  वीचैमा विद्यालय छाडेर वाहिरिने विद्यार्थीको संख्या ५६ जना नै भएको पाइयो । यसका अधारमा सामुदायिक प्राथमिक विद्यालयमा भर्ना हुने विद्यार्थीको संख्यामा कमी आए पनि वीचैमा कक्षा छाडी वाहिरिने विद्यार्थीको संख्यामा उल्लेख्य कमी ल्याउन नसकिएको पाइयो ।माथि उल्लेखित तथ्याङ्कलाई रेखाचित्रमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

चित्र नं. २

विद्यालय छाड्ने दर




विद्यालय

माथिको रेखाचित्रमा लम्विय रुपमा विद्यालय छाड्ने दर अध्ययन गरिएका शैक्षिक वर्षहरुलाई राखिएको छ । धरातलिय रुपमा छौटमा परेका पाँचवटा विद्यालयहरुलाई क्रमशः १ जनता प्रा.वि. पाँचकन्या, २ रणदेवी प्रा.वि. पाँचकन्या, ३ जनता प्रा.वि. धरान, ४ रामजानकी प्रा. वि., ५ जलदेवी प्रा.वि. बराहक्षेत्र राखिएको छ । ईंटाकार संकेतले वि.सं. २०६८ को, वर्गाकार संकेतले वि.सं. २०६९ सालको र त्रिभुजाकारले संकेतले वि.सं. २०७० सालको तथ्याङ्कलाई जनाउँदछ ।

प्रस्तुत अनुसन्धानमा वि.सं. २०६८ सालमा शैक्षिक सत्र पुरा नगरी विद्यालय छाड्ने विद्यार्थीहरुको संख्यामा वि.सं. २०६९ सालमा नगन्य रुपमा घटेको पाइएता पनि वि.सं.

२०७० सालमा पुनः बढेको नै पाइयो । यो तथ्यका आधारमा नेपालका सामुदायिक विद्यालयहरुमा विद्यालय छाड्ने विद्यार्थीको संख्यामा खासै कमी नआएको पाइयो ।

शिक्षाका क्षेत्रमा सरकारी लगानीको मात्रा बढ्दै गएता पनि विद्यालयको विद्यार्थी भर्नामा कमी आउनु एउटा समस्याका रुपमा देखिएको पाइयो भने विद्यार्थीले विद्यालय भर्ना भएर पनि वार्षिक रुपमा पढाइ पूरा नगर्नु अर्को समस्याका रुपमा देखा परेको पाइयो । नेपाल सरकारले निरक्षरता उन्मुलनका लागि ठूलो धनराशी खर्च गरेता पनि विद्यालयमा भर्ना भएर पनि ठूलो संख्यामा विद्यार्थीले पढाइ पूरा नगरी विद्यालय छाड्नुले अझै केही वर्ष नेपालको निरक्षरतालाई समाप्त गर्न नसकीने वास्तविकतालाई उजागर गरेको पाइयो ।

## ४.३ सामुदायिक प्राथमिक विद्यालयको विद्यार्थीहरुले विद्यालय छोड्ने कारणहरू

नेपाल सरकारले कुनैपनि वालवालिका शिक्षाको उज्यालोबाट वञ्चित हुन नपरोस भनी निशुल्क शिक्षा, निशुल्क पाठ्यपुस्तकको व्यवस्था देखि विद्यालय स्वागत कार्यक्रम सम्मका विभिन्न आकर्षणका कार्यक्रमहरु लागु गर्दै आएको छ तथापि सामुदायिक विद्ययालयका विद्यार्थीहरुले विद्यालय वार्षिक पढाइ पूरा नै नगरी वीचैमा कक्षा छाड्ने गरेको पाइयो । विद्यार्थीहरुले वीचैमा विद्यालय छोड्ने कारणको खोजी गर्दा निम्नानुसारका कारणहरु पाइयो :

### ४.३.१ भौतिक सुविधा

डोमी साहले आफ्नो शोध अनुसन्धानमा विद्यार्थीहरुलाई सामुदायिक प्राथमिक विद्यालयहरुले उपयुक्त र प्रभावकारी वातावरण सृजनागर्न नसकेका कारण दिनानुदिन विद्यालयहरुमा आउने विद्यार्थीको संख्यामा कमी आएको तथ्यलाई पुष्टि गरको थिए । यो अनुसन्धानमा भर्नाको अवस्थालाई केलाउने क्रममा अनुसन्धानकर्तालाई छनोटमा परेका पाँच वटा विद्यालयको भौतिक अवस्थालाई राम्ररी नियाल्ने अवसर प्राप्त भयो । अनुसन्धानकर्ता स्वयं सहयोगीसहित छनोटमा परेका विद्यालयमा उपस्थित भई अध्ययनका लागि तयार पारेको रुजु सूचीको प्रयोग गरी प्राप्त सूचनाका आधारमा हेर्दा कुनैपनि विद्यालयमा वालवालिकाहरुलाई आकर्षित गर्ने प्रकारको भौतिक सुविधा देखिएन । विद्यालयको आफ्नो भवन भएता पनि आकर्षक तरिकाले रंग रोगन गर्न नसकिएको, साना

नानीहरुले विद्यालयभित्र रमाउने वातावरण नभएको, खानेपानी शौचालय जस्ता भौतिक सुविधाहरु भए पनि व्यवस्थित हुन नसकेको पाइयो ।

विद्यालयको बातावरणीय सुन्दरताका लागि बगैंचाको व्यवस्था नहुनका साथै रामजानकी प्रा.वि. भरौल वाहेकका चारवटा विद्यालयहरुमा खेल मैदानको पनि अभाव रहेको पाइयो । विद्यालयका सबै कक्षाकोठाहरुमा गर्मीमौसमका लागि पंखाको व्यवस्था नभएको पाइयो । पाठ्यपुस्तकका अलवा अन्य पुस्तकका साथ रमाउनका लागि वालवालिकाहरुलाई वाल पुस्तकालयको आवश्यकता पर्ने भएता पनि जलदेवी प्रा. वि. बराहक्षेत्र वाहेक अन्य प्रा. वि.हरुमा पुस्तकालयको व्यवस्था नरहेको पाइयो । जलदेवी प्रा.वि. मा रहेको वालपुस्तकालय पनि व्यवस्थित तरिकाबाट संचालन हुन नसकेको पाइयो । विद्यालयको आफ्नो घेरावारा (कम्पाउन्ड वाल) लगाउँदै गरेको अवस्था जलदेवी प्रा.वि. बराहक्षेत्र र रामजानकी प्रा.वि. भरौलमा भएता पनि वाँकी विद्यालयहरुमा यसको व्यवस्था नभएको पाइयो । यसैगरी विद्यालयमा विद्यार्थीहरुका लागि उपयुक्त किसिमको चमेनागृहको अभाव रहेको पाइयो । छनोटमा परेका विद्यालयहरु मध्ये रणदेवी प्रा.वि. पाँचकन्यामा दिवा खाजाको व्यवस्था भएको भएता पनि व्यस्थित पाकशालाको अभाव नै रहेको पाइयो ।

फ्रेडरिक हर्जवर्गको उत्प्रेरणा आरोग्य सिद्धान्तले मानिसलाई सन्तुष्टिले दैनिक कार्यका लागि प्रेरणा प्रदान गर्ने कुरा उल्लेख गरेको छ । प्रस्तुत अध्ययनमा विद्यालयको भौतिक संरचनाले विद्यालयमा बालबालिकाहरुलाई खुशी बनाउन सकेको पाइएन । विद्यालयको चौघेरा भित्र बन्दी जीवन विताए जस्तो अवस्थामा रहन नसकेका कारण विद्यार्थीले आफ्नो अध्ययन पुरा नगर्दै विद्यालय छाड्ने गरेको पाइयो ।

### ४.३.२ शैक्षिक सामग्री

सामुदायिक प्राथमिक विद्यालयहरुमा के कस्ता शैक्षिक सामग्रीहरुको प्रयोग हुँदो रहेछ भनी अध्ययन गर्ने क्रममा अनुसन्धानकर्ताले बनाएको रुजुसूचीलाई आधार बनाएर अवलोकन गर्नका लागि  छनोटमा परेका विद्यालयमा पुग्दा प्राय सवै विद्यालयहरुको शैक्षिक सामग्रीहरुको प्रयोगको अवस्था एकै प्रकारको रहेको शिक्षकहरुबाट जानकारी पाइयो । दैनिक शिक्षण सामग्री चक डस्टर किताव आदिका साथमा विभिन्न किसिमका पोष्टरहरुको प्रयोग हुने गरेको पाइयो । स्थानीय साधनहरुबाट केही शैक्षिक सामग्रीहरुको निर्माण गरी प्रयोग गर्ने गरेको कुरा शिक्षक मित्रहरुबाट थाह भएपनि ति शैक्षिक सामग्रीहरुलाई व्यवस्थापन

गरेको पाइएन । समयको विकास सँगै विज्ञान र प्रविधीको प्रयोग गर्ने वातावरण सम्म पनि विद्यालयमा नरहेको वास्तविकता शिक्षकहरुले स्पष्ट गरेको पाइयो ।

अब्राहम मास्लोको आवश्यकताको सिद्धान्त प्राथमिक विद्यालयहरुमा प्रयोग हुने शैक्षिक सामग्रीमा समेत प्रयोग भएको पाइन्छ । वालवालिकाको आधारभुत आवश्यकता भनेको निवार्द रुपमा खेल्न,डुल्न र रमाइलो गर्न पाउनु हो तर सामुदायिक विद्यालयका शैक्षिक सामग्रीहरुले विद्यालयको प्राथमिक तहका नानीहरुलाई त्यस्तो स्वतन्त्रता प्रदान गर्ने प्रकृतिका शैक्षिक सामग्रीहरुको प्रयोग गरेको पाइएन । यी नानीहरुका आधारभुत आवश्कताहरु पुरा हुन नसकेका कारण पनि विद्यार्थीले शैक्षिक सत्र पूरा नगरी विद्यालय छाड्ने गरेको पाइयो ।

### ४.३.३ अतिरिक्त क्रियाकलाप

अतिरिक्त क्रियाकलाप वालवालिकाको चौतर्फी विकासका लागि अपरिहार्य तत्व हो । अतिरिक्त क्रियाकलापको माध्यमबाट पठनपाठन समेत गर्न सकिने भएकाले यसलाई शिक्षण कार्यको सहकार्यकलापको रुपमा प्रयोग गर्दै आएको पाइन्छ । प्रस्तुत अनुसन्धानका क्रममा छनोटमा परेका विद्यालयका शिक्षकहरुले दिएको उत्तरलाई आधार बनाएर हेर्दा विद्यालयमा अतिरिक्त क्रियाकलापको अवस्था सामान्य रहेको पाइयो । अतिरिक्त क्रियाकलापलाई व्यवस्थित रुपमा कार्यतालिका बनाएर गराउने गरेको पाइएन । यसो भनी रहदा विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप नै नहुने गरेको चाहिँ होइन । विद्यालयको वार्षिक उत्सव अथवा अभिभावक दिवस गर्ने गरेको र सोही अवसरको प्रयोग गरी केही क्रियाकलापहरु गराउने गरेको पाइयो । यसलाई मौसमी रुपमा मात्र विद्यालयहरुले प्रयोग गर्ने गरेको छ भने नियमित रुपमा व्यवस्थित गरी प्रयोग गर्न नसकेको पाइयो ।

### ४.३.४ आर्थिक स्थिति

प्राथमिक विद्यालयहरुको शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने तत्वहरुको खोजी गर्ने क्रममा लोकप्रसाद उपाध्यायले आमाबाबुको आर्थिक स्थिति, शैक्षिक सामग्रीको अभाव, घरायसी कामको बोझ, आदिका कारणहरुले विद्यार्थीको शैक्षिक उपलब्धिलाई प्रभाव पारेको निष्कर्ष निकालेका थिए । प्रस्तुत अध्ययनमा पनि मेहनत मजदुरी गरेर जीवन यापन गर्नुपर्ने घरका नानीहरुमात्र सामुदायिक विद्यालयका विद्यार्थी हुने गरेको, अभिभावकहरुले आवश्यकता

अनुसारका शैक्षिक सामग्रीहरु समयमा उपलब्ध गराउन नसकेको, विहान बेलुकीको छाक टार्न नै निकै समस्या परेकाले घरमा पढनका लागि समय कम पाउने गरेको, आर्थिक अभावका कारण घरमा हुने घरायसी झगडाले वालवालिकामा मानसिक असर परेको पाइयो ।कतिपय वालवालिकाहरुका अभिभावकले विहान उनीहरु उठ्दा घर छाडिसक्ने र बेलुका अबेला फर्कने भएकाले अभिभावकबाट पाउने माया, ममता र स्नेहसमेत नपाएको महसुस गरेको पाइयो । विद्यालयको पोसाकका लागि विद्यालयले नगद छात्रबृत्ति उपलब्ध गराए पनि त्यो अभिभावककै हातमा पर्ने भएकाले घरायसी खर्च हुने र विद्यालय जान पोसाकको समस्या रहेको वास्तविकता विद्यार्थीहरु माझ गरिएको समुह छलफलबाट प्राप्त भयो ।

सामुदायिक विद्यालयमा अधिकाँस वालवालिकाहरु अति न्यून आर्थिक अवस्था भएका परिवारबाट आउने गरेको पाइयो । यस्ता आर्थिक अवस्था भएका अभिभावकहरुको आफ्नो घर प्रायः नभएको पाइयो । अर्काका घरमा डेरा बसी मजदुरी गरी पेट पाल्ने र नानीहरुलाई नजीकका सामुदायिक विद्यालयहरुमा पढ्नका लागि पठाउने गरेको पाइयो । यी मजदुरहरु कामको खोजीमा डेरा सर्ने र घरवालासँग कुनै खटपट भएमा पनि डेरा सर्नु पर्ने वाध्यतामा रहन्छन् । यसरी डेरा नजिकमा नपाउँदा होस् या मजदुरी गर्नुपर्ने बाध्यताले डेरा सरिरहँदा वालवालिकाको वीचैमा पढाइ छुट्ने गरेको पाइयो ।

आधारभूत आवश्यकताको परिपूर्ति भए पछीमात्र अन्य आवश्यकताहरु श्रृङ्खलाबद्ध रुपले मानव जीवनमा आउँदै जान्छन् भन्ने मास्लोको उत्प्रेरणा सिद्धान्त बालबालिकाको विद्यालय छाड्ने कुरासँग पनि सम्बन्धित भएको पाइयो । परिवारको आर्थिक स्थितिका कारणले सृजना भएको परिस्थितिका कारण बालबालिकाहरुले विद्यालय छाड्नु पर्ने वास्तविकताले यो सिद्धान्तलाई पुष्टि गरेको छ ।

### ४.३.४ अन्य तत्वहरु

सामुदायिक प्राथमिक विद्यालयहरुका विद्यार्थीलेवीचैमा विद्यालय छोड्नका कारणहरुको विश्लेषण गर्ने क्रममा विद्यलयका शिक्षक,प्र.अ. अभिभावक तथा स्थानीय व्यक्तिहरुसंग गरिएको प्रश्नोत्तर र अनुसन्धानकर्ताले स्वयं उपस्थित भई गरेको अवलोकनका आधारमा संस्थागत विद्यालयहरुको व्यापक रुपमा भएको आगमन, तिनीहरुले गर्ने विज्ञापन, दिने सेवा सुविधाहरुका अगाडि सामुदायिक प्रा.वि.हरुले दिने सेवा सुविधा कमजोर भएको पाइयो । विश्वभाषाका रुपमा विकसित हुँदै गरेको अंग्रेजी भाषाको आकर्षणले पनि

विद्यार्थीलाई संस्थागत विद्यालयले आकर्षण गरेको पाइयो । समाजका गन्यमान्य भनाउँदाहरुले आफ्ना नानीहरुलाई संस्थागत विद्यालयमा पठाउने भएकाले अन्य समाजका जनताले पनि समाजका अगुवाहरुलाई पछ्याउँदै आफ्नो मान प्रतिष्ठा जोगाउने नाममा सामुदायिक विद्यालयबाट आफ्ना नानीहरुलाई विमुख गराएको पाइयो ।

अब्राहम मास्लोको आवश्यकताको सिद्धान्त यहाँ प्रयोग भएको पाइन्छ । जुन घरपरिवारमा आधारभुत आवश्यकताको परिपुर्ति भएको छ सो विद्यालयका नानीहरु सामुदायिक विद्यालयबाट विमुख गराई संस्थागत विद्यालय तर्फ आकर्षित भएको पाइयो ।

सामुदायिक विद्यालयहरुमा भौतिक सुविधाहरुमा भएको कमी साना नानीहरुको व्यवस्थापनमा धाइआमाको व्यवस्था नहुनु, नियमित रुपमा अतिरिक्त क्रियाकलाप संचालन नहुनु, पुस्तकालय चमेनागृह जस्ता अति आवश्यकीय कुराहरुको व्यवस्था नहुनु, विद्यालय व्यवस्थापन समितिको निर्माण र विद्यालय व्यवस्थापनका नाममा विद्यालय भित्र राजनैतिक हस्तक्षेप बढ्नु जस्ता क्रियाकलापका अलवा निशुःक शिक्षा प्रति जनतामा निराशा पैदाहुनु, उपयुक्त किसिमका शैक्षिक सामग्रीहरुको प्रयोग हुन नसक्नु सामुदायिक प्राथमिक विद्यालयका विद्यार्थी विद्यालय छोड्ने कारण बनेर रहेको पाइयो ।

## ४.४ विद्यार्थी भर्नाले सिकाइमा पारेको प्रभाव

सामुदायिक प्राथमिक विद्यालयहरुमा विद्यार्थी भर्ना अवस्था कमजोर हुदै गएको तथ्यलाई माथिको अध्ययनले प्रष्ट पारिसकेको छ । विद्यालयमा विद्यार्थी संख्या घट्दै जाँदा विद्यार्थीहरुको सिकाइलाई यसले के कसरी प्रभाव पारेको छ भनीविद्यालयमा रहेको वार्षिक परीक्षाको नतिजा आधारमा विश्लेषण गर्दा आएको सत्यतालाई निम्नानुसार तालिका मार्फत प्रष्ट पारिएको छ :

### ४.४.१ जनता प्रा.वि. पाँचकन्या

जनता प्रा. वि. पाँचकन्यामा हरेक वर्ष विद्यार्थी भर्ना हुने संख्यामा कमी आउँदै गएको भएता पनि सिकाइको अवस्था भने त्यति धेरै कमजोर नरहेको पाइयो । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ

तालिका नं. ८

जनता प्रा.वि. पाँचकन्यामा विद्यार्थी भर्नाले सिकाइमा पारको प्रभाव

| कक्षा | २०७०सालको विद्यार्थी संख्या | उत्तीर्ण विद्यार्थी संख्या | १ विषय अनुत्तीण संख्या | २ विषय अनुत्तीण संख्या | २ भन्दा बढी विषय अनुत्तीण संख्या |
|---|---|---|---|---|---|
| १ | ७ | ७ | | | |
| २ | १० | ८ | १ | १ | |
| ३ | ९ | ९ | | | |
| ४ | ११ | ९ | १ | १ | |
| ५ | १३ | ११ | | १ | १ |
| जम्मा | ५० | ४४ | २ | ३ | १ |

जनता प्रा.वि. पाँचकन्यामा वि.सं. २०७० सालमा बार्षिक परीक्षामा सहभागी भएका कक्षा १का ७ जना विद्यार्थी सबै उत्तीर्ण भएको देखिन्छ । यसबाट विद्यार्थी भर्नामा आएको कमीले सिकाई स्तरमा सकारात्मक सुधार भएको देखिन्छ । सोही विद्यालयमा कक्षा २ का १० जना विद्यार्थी मध्ये ८ जना उत्तीर्ण भएका र १ जना १ विषयमा अनुत्तीर्ण १जना विद्यार्थी २विषयमा अनुत्तीर्ण भएको पाइयो । कक्षा ३मा भएका विद्यार्थीहरु सवै उत्तीर्ण भएको देखिन्छ । कक्षा ४ मा भएका विद्यार्थीहरुको संख्या जम्मा ११ मध्ये ९ जना उत्तीर्ण भएका १जना १ विषय र १ जना २ विषयमा अनुत्तर्णि भएको पाइयो । कक्षा ५ का १३ जना विद्यार्थी मध्ये ११ जना उत्तीर्ण भए भने १ जना २ विषयमा र १ जना २ भन्दा वढी विषयमा अनुत्तीर्ण भएको पाइयो ।

### ४.३.२ रणदेवी प्रा.वि. पाँचकन्या

यो विद्यालय छनौटमा परेका विद्यालयहरु मध्ये एक मात्र दिवा खाजाको व्यवस्था भएको विद्यालय हो । यो विद्यालयमा पनि वार्षिक रुपमा विद्यार्थी संख्यामा क्रमिक रुपले कमी आएको छ । यो विद्यालय विद्यार्थी संख्या घट्दै जाँदा विद्यालयको शैक्षिक उपलब्धीको अवस्थालाई शै.स. २०७० को वार्षिक परीक्षाको नतिजाले निम्नानुसार प्रस्तुत गरेको छ :

तालिका नं. ९

रणदेवी प्रा.वि. पाँचकन्यामा विद्यार्थी भर्नाले सिकाइमा पारको प्रभाव

| कक्षा | २०७०सालको विद्यार्थी संख्या | उत्तीर्ण विद्यार्थी संख्या | १ विषय अनुत्तीण संख्या | २ विषय अनुत्तीण संख्या | २भन्दा बढी विषय अनुत्तीण संख्या |
|---|---|---|---|---|---|
| १ | २१ | १८ | १ | | २ |
| २ | २६ | १५ | ५ | ४ | २ |
| ३ | २८ | १७ | ४ | ५ | २ |
| ४ | २९ | १९ | ३ | १ | ६ |
| ५ | २६ | १२ | ६ | ५ | ३ |
| जम्मा | १३० | ८१ | १९ | १५ | १५ |

रणदेवी प्रा. वि. पाँचकन्यामा वि.सं २०७० सालको बार्षिक परीक्षामा सहभागी विद्यार्थीहरु मध्ये कक्षा १ मा २१ जना विद्यार्थी भएकामा १८ जनाले कक्षा १ को परीक्षा उत्तीर्ण गरेको देखिन्छ भने १ विषय मा १जना २ भन्दा बढी विषयमा २ जना विद्यार्थी अनुत्तीर्ण भएको पाइयो ।कक्षा २मा भएका २६जना विद्यार्थी  मध्ये १५ जना उत्तीर्ण ५जना एक विषयमा ४ जना २ विषयमा र २जना २ भन्दा बढी विषयमा अनुत्तीर्ण भएको पाइयो । कक्षा ३मा भएका २८ जना विद्यार्थीहरु मध्ये १७जनाले विषय नलगाई कक्षा ४मा प्रवेश गरेको पाइयो भने ४ जना विद्यार्थी १विषयमा, ५ जना विद्यार्थी २ विषयमा २ जना विद्यार्थी २ भन्दा बढी विषयमा अनुत्तीर्ण रहेको पाइयो ।कक्षा ४का २९ जना विद्यार्थी हरुमा १९जना विद्यार्थी उत्तीर्ण, ३ जना १ विषयमा अनुत्तीर्ण, १जना २ विषयमा अनुत्तीर्ण र ३जना विद्यार्थी २ भन्दा बढी विषयमा अनुत्तीर्ण भएको पाइयो । कक्षा ५मा यो संख्या अझ बढेको पाइयो , कक्षा ५ मा भएका २६ जना विद्यार्थी मध्ये १२ जनाले मात्र सबै विषयमा उत्तीर्ण भएकाछन् भने १ विषयमा ६ जना, २ विषयमा ५ जना र २ भन्दा बढी विषयमा ३ जना विद्यार्थी अनुत्तीर्ण भएको पाइयो ।

### ४.३.३ जनता प्रा.वि. धरान

यो विद्यालय धरान नगरपालिको आधारभुत बस्ती (सुकुम्वासी बस्ती ) मा अवस्थित छ । यो विद्यालयमा आउने सबै वालवालिकाहरु यही वस्तीबाट आउने गर्दछन् । यो विद्यालयको शैक्षिक अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. १०

जनता प्रा.वि. धरानमा विद्यार्थी भर्नाले सिकाइमा पारको प्रभाव

| कक्षा | २०७०सालको विद्यार्थी संख्या | उत्तीर्ण विद्यार्थी संख्या | १ विषय अनुत्तीण संख्या | २ विषय अनुत्तीण संख्या | २भन्दा बढी विषय अनुत्तीण संख्या |
|---|---|---|---|---|---|
| १ | ११ | १० | १ | | |
| २ | १२ | ११ | १ | | |
| ३ | १९ | १२ | ३ | १ | ३ |
| ४ | २२ | १८ | ३ | | १ |
| ५ | २३ | १९ | २ | १ | १ |
| जम्मा | ८७ | ७० | १० | २ | ५ |

जनता प्रा.वि. धरानमा वि.सं. २०७० सालको बार्षिक परीक्षामा  कक्षा १मा ११ जना विद्यार्थी सहभागी भएका थिए । ति विद्यार्थी मध्ये १० जनाले  कक्षा १ को वार्षिक परीक्षा उत्तीर्ण गरे भने १ जना विद्यार्थी १ विषयमा अनुत्तीर्ण भएको पाइयो । सोही साल कक्षा २ मा जम्मा १२ जना विद्यार्थी भध्ये११ जना विद्यार्थी उत्तीर्णि र १ जना विद्यार्थी १ विषयमा अनुत्तीर्ण भएको पाइयो । कक्षा ३ मा १९ जना विद्यार्थीहरुमा १२ जना उत्तीर्ण ३जना १ विषयमा, १ जना २ विषयमा र ३ जना २ भन्दा बढी विषयमा अनुत्तीर्ण भएको पाइयो । यसैगरी कक्षा ४ मा  २२ जना विद्यार्थी मध्ये २ भन्दा बढी विषयमा १ जना,३ जना १ विषयमा अनुत्तीर्ण र १८ जना उत्तीर्ण भएको पाइयो । कक्षा ५ मा वि.सं. २०७० सालमा जम्मा २३ जना विद्यार्थीहरु जनता प्रा.वि. धरान १५ को वार्षिक परीक्षामा सहभागी भएकामा सो कक्षाका १९ जना विद्यार्थी उत्तीर्ण भएका २ जना विद्यार्थी १ विषयमा, १ जना विद्यार्थी २ विषयमा र १ जना विद्यार्थी २ भन्दा बढी विषयमा अनुत्तीर्ण भएको पाइयो ।

### ४.३.४ रामजानकी प्रा. वि. भरौल

छनौटमा परेका पाँच वटा विद्यालयहरु मध्ये तुलनात्मक रुपमा सम्पन्न यो विद्यालयमा विद्यालयको अभिलेख व्यवस्थापनका लागि कम्प्युटर समेतको व्यवस्था रहेको छ । यो विद्यालयको विद्यार्थीको शैक्षिक उपलब्धिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ११

रामजानकी प्रा.वि. भरौलमाविद्यार्थी भर्नाले सिकाइमा पारको प्रभाव

| कक्षा | २०७०सालको विद्यार्थी संख्या | उत्तीर्ण विद्यार्थी संख्या | १ विषय अनुत्तीण संख्या | २ विषय अनुत्तीण संख्या | २भन्दा बढी विषय अनुत्तीण संख्या |
|---|---|---|---|---|---|
| १ | २४ | २१ | २ | १ | |
| २ | २८ | २२ | ३ | २ | १ |
| ३ | ३३ | २५ | ५ | १ | २ |
| ४ | २६ | २१ | ३ | | २ |
| ५ | ३५ | १९ | ७ | ५ | ४ |
| जम्मा | १३६ | ९८ | २० | ९ | ९ |

रामजानकी प्रा. वि. भरौलमा शैक्षिक सत्र २०७० सालको बार्षिक परीक्षामा सम्लग्न भएका जम्मा विद्यार्थी मध्ये कक्षा १ का विद्यार्थीको संख्या २४ थियो । यो सालको अन्त्यमा भएको वार्षिक परीक्षामा कक्षा १ मा २१ जना विद्यार्थी उत्तीर्ण भए , सोही कक्षामा २ जना विद्यार्थी १ विषयमा र १ जना विद्यार्थी २ विषयमा अनुत्तीणए भएको पाइयो । कक्षा २ मा भएका २८ जना विद्यार्थी मध्ये २२ जना उत्तीर्ण ३ जना १ विषयमा अनुत्तीर्ण भए भने २ विषयमा २ जनार २ भन्दा बढी विषयमा अनुत्तीर्ण हुने विद्यार्थीको संख्या १ रहेको पाइयो । कक्षा ३ मा २भन्दा बढी विषयमा २ जना २ विषयमा १ जना ,१ विषयमा अनुत्तीर्ण विद्याथीको संख्या ५जना र उत्तीर्ण विद्यार्थीको संख्या २५ रहेको पाइयो । यसैगरी कक्षा ४ मा वि.सं. २०७० मा २६ जना विद्यार्थीहरु भएको रामजानकी प्रा.वि. भरौलको वार्षिक परीक्षामा जम्मा २१ जना विद्यार्थी उत्तीर्ण भएको पाइयो । सोही कक्षामा १विषयमा अनुत्तीर्ण हुने विद्यार्थीको संख्या ३ र २ भन्दा बढी विषयमा आनुत्तीर्ण हुने विद्यार्थीको संख्या २ भएको पाइयो । कक्षा ५ मा भएका ३५ जना विद्यार्थीहरुमा १९ जना विद्यार्थीले मात्र कक्षा ५ को वार्षिक परीक्षा उत्तीर्ण गरे । सो कक्षामा रहेका ७ जना विद्यार्थी १ विषयमा, ५ जना विद्यार्थी २ विषयमा र ४जना विद्यार्थी २ भन्दा बढी विषयमा अनुत्तीर्ण भएको पाइयो ।

### ४.३.५ जलदेवी प्रा.वि. वराहक्षेत्र

छनोटमा परेका पाँच  विद्यालय मध्ये यो  विद्यालय नजीकमा संस्थागत विद्यालय नभएको विद्यालय हो । यो विद्यालयको पछिल्लो वार्षिक परीक्षाको नतिजालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. १२

जलदेवी प्रा.वि. वराहक्षेत्रमा विद्यार्थी भर्नाले सिकाइमा पारको प्रभाव

| कक्षा | २०७०सालको विद्यार्थी संख्या | उत्तीर्ण विद्यार्थी संख्या | १ विषय अनुत्तीण संख्या | २विषय अनुत्तीण संख्या | २भन्दा बढी विषय अनुत्तीण संख्या |
|---|---|---|---|---|---|
| १ | ३१ | २५ | ३ | १ | २ |
| २ | ३४ | ३२ | २ | | |
| ३ | २२ | २१ | | १ | |
| ४ | २८ | २७ | | | १ |
| ५ | १९ | १९ | | | |
| जम्मा | १३४ | १२४ | ५ | २ | ३ |

वि.सं. २०७० सालको शैक्षिक सत्रमा जलदेवी प्रा.वि. बराहक्षेत्रको बार्षिक परीक्षामा संमिलित १३४ जना विद्यार्थी मध्ये कक्षा १मा ३१ जना सहभागी भएका थिए । ती ३१ जना विद्यार्थीहरुमा कक्षा १ को वार्षिक परीक्षामा २५ जना विद्यार्थीहरु उत्तीर्ण भए । ३ जना विद्यार्थी १ विषयमा १ जना विद्यार्थी २ विषयमा र २ जना विद्यार्थी २ भन्दाबढी विषयमा अनुत्तीर्ण रहेको पाइयो । कक्षा २ मा भएका ३२ जना विद्यार्थी मध्ये ३२ जना विद्यार्थी उत्तीर्ण भए भने २ जना विद्यार्थी १ विषयमा अनुत्तीर्ण भएको पाइयो । कक्षा ३ मा अन्य कक्षाको तुलनामा केही कम विद्यार्थी बार्षिक परीक्षामा सहभागी भएकोमा २१ जना विद्यार्थी उत्तीर्ण भएका छन् भने १जना विद्यार्थीमात्र २ विषयमा अनुत्तीर्ण भएको देखिन्छ । कक्षा ४ मा भएका २८ जना विद्यार्थीहरु मध्ये २७ जना वार्षिक परीक्षामा सफल भएका छन् भने १ जना विद्यार्थी २ भन्दा बढी विषयमा असफल भएको पाइन्छ ।यस विद्यालयको कक्षा ५ मा भएका विद्यार्थीहरु सबैले कक्षा ५ को वार्षिक परीक्षा उत्तीर्ण गरेको पाइयो । जलदेवी प्रा. वि.का विद्यार्थीको सिकाइ उपलब्धी कक्षा सँगै बढ्दै गएको देखिन्छ ।कक्षा ३ र कक्षा ४ भर्ना भएका मध्ये १।१ जना विद्यार्थी हरु मात्र असफल भएको पाइन्छ भने कक्षा ५को नतिजाले कुनैपनि विद्यार्थी असफल भएको देखाउँदैन ।

छनौटमा परेका पाँचवटै विद्यालयको वार्षिक परीक्षा २०७० को नतिजालाई शैक्षिक उपलब्धिको आधार बनाएर तुलनात्मक रुपमा विश्लेषणका लागि निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. १३

विद्यार्थी भर्नाले शिक्षण सिकाइमा पारेको प्रभाव

| विद्यालय | २०७०सालको वार्षिक परीक्षामा सहभागीविद्यार्थी संख्या | उत्तीर्ण विद्यार्थी संख्या | १ विषय अनुत्तीर्ण संख्या | २विषय अनुत्तीर्ण संख्या | २भन्दा बढी विषय अनुत्तीर्ण संख्या |
|---|---|---|---|---|---|
| प्रा. वि. पाँचकन्या | ५० | ४४ | २ | ३ | १ |
| रणदेवी प्रा.वि. पाँचकन्या | १३० | ८१ | १९ | १५ | १५ |
| जनता प्रा.वि. धरान | ८७ | ७० | १० | २ | ५ |
| रामजानकी प्रा.वि. भरौल | १३६ | ९८ | २० | ९ | ९ |
| जलदेवी प्रा.वि. बराहक्षेत्र | १३४ | १२४ | ५ | २ | ३ |
| जम्मा | ५३७ | ४१७ | ५६ | ३१ | ३३ |

प्रस्तुत अध्ययनमा छनौटमा परेका पाँचवटा विद्यालयहरुबाट वि.सं २०७० सालको वार्षिक परीक्षामा जम्मा ५३७ विद्यार्थी सहभागी भएको पाइयो । जसमा जनता प्रा.वि. पाँचकन्यामा ५० जना रणदेवी प्रा.वि. पाँचकन्यामा १३० जना, जनता प्रा.वि. धरानमा ८७ जना, रामजानकी प्रा.वि. भरौलमा १३६ जना र जलदेवी प्रा.वि. बराहक्षेत्रमा १३४ जना विद्यार्थीहरुको सहभागीता पाइयो ।

वार्षिक परीक्षामा संलग्न ५३७ जना विद्यार्थी मध्ये ४१७ जना विद्यार्थीले परीक्षा उत्तीर्ण गरेको पाइयो भने ५६ जना विद्यार्थी १ विषयमा असफल भएको पाइयो । यसैगरी दुई विषयमा असफल हुने विद्यार्थीको संख्या ३१जना र दुईभन्दा बढी विषयमा असफल हुने विद्यार्थीको संख्या ३३ जना रहेको पाइयो ।

छनौटमा परेका विद्यालयहरुमध्ये सबैभन्दा कम विद्यार्थी संख्या भएको जनता प्रा.वि. पाँचकन्यामा बार्षिक परीक्षामा सहभागी भएका विद्यार्थीमध्ये ६ जना विद्यार्थी असफल भएको पाइयो । यो कुल विद्यार्थी संख्याको १२ प्रतिशत हो । संख्यात्मक हिसाबले १३४ जना विद्यार्थी रहेको जलदेवी प्रा.वि. बराहक्षेत्रको बार्षिक परीक्षामा १० जना विद्यार्थीमात्र असफल भएको पाइयो । यो परीक्षामा संलग्न विद्यार्थीको ७.४६ प्रतिशत मात्र हो ।

त्यसैगरी दोस्रो कम विद्यार्थी संख्या रहेको जनता प्रा.वि. धरानको बार्षिक परीक्षा २०७० मा संलग्न ८७ जना विद्यार्थी मध्ये ७० जना विद्यार्थी मात्र सफल भएको पाइयो भने

१७ जना विद्यार्थी असफल भएको पाइयो । यो संख्या परीक्षामा संलग्न हुने विद्यार्थीको १९.५४ प्रतिशत हो । यसले पनि विद्यार्थीको संख्या विद्यालयका कक्षाकोठामा घट्दैमा सिकाइ उपलब्धी वढ्छ भन्ने कुरालाई पुष्टि गर्न नसकेको पाइयो ।

प्र.अ., शिक्षक, स्थानीय व्यक्ति तथा अभिभावकहरुसँग गरिएको प्रश्नोत्तरबाट संस्थागत विद्यालयको उपस्थिति नभएका स्थानमा रहेका विद्यालयहरुको सिकाइ उपलब्धि राम्रो रहेको वास्तविकतालाई पुष्टि गरेको पाइयो । जलदेवी प्रा.वि.बराहक्षेत्रको नजीकमा संस्थागत विद्यलय नभएकाले यस विद्यालयको सिकाइ उपलब्धी अन्य विद्यालयहरुको भन्दा राम्रो रहेको पाइयो । जलदेवी प्रा.वि. बराहक्षेत्रको वार्षिक परीक्षाको नतिजा विश्लेषणले यो तथ्यलाई पुष्टि गरेको छ भने अन्य ठाउँहरुमा नजिकमा संस्थागत विद्यालय भएकाले विद्यार्थीको पढाइप्रति थोरै मात्र चासो राख्ने अभिभावकहरुले आफ्ना नानीहरुलाई संस्थागत विद्यालय तिरलैजाने भएबाट पनि सामुदायिक विद्यालयहरुको सिकाइ उपलब्धि कमजोर रहेको पाइयो ।

## ४.५ सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थीहरुको सङ्ख्याले शिक्षण सिकाइको अवस्थामा पारेको प्रभाव

विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको संख्याले शिक्षण सिकाइमा पारेको प्रभावलाई अध्ययन गर्नका लागि विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको संख्या र वि.सं. २०७० सालको वार्षिक परीक्षामा प्राप्त नतिजालाई तालिकामा उल्लेख गरिएको छ :

तालिका नं.१४


सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थीहरुको संख्याले शिक्षण सिकाइको अवस्थामा पारेको प्रभाव

| विद्यालय | २०७०सालको वार्षिक परीक्षामा सहभागी विद्यार्थी संख्या | उत्तीर्ण विद्यार्थी संख्या | अनुत्तीर्ण संख्या |
|---|---|---|---|
| जनता प्रा. वि. पाँचकन्या | ५० | ४४ | ६ |
| रणदेवी प्रा.वि. पाँचकन्या | १३० | ८१ | ४९ |
| जनता प्रा.वि. धरान | ८७ | ७० | १७ |
| रामजानकी प्रा.वि. भरौल | १३६ | ९८ | ३८ |
| जलदेवी प्रा.वि. बराहक्षेत्र | १३४ | १२४ | १० |
| जम्मा | ५३७ | ४१७ | १२० |

कुनै पनि विषयवस्तुलाई मूल्याङ्कन गर्ने धेरै उपायहरु हुन्छन् । ती उपायहरु मध्ये विद्यालयहरुले लिने त्रैमासिक र वार्षिक  परीक्षाहरुलाई विद्यालय तहको सिकाइ उपलब्धि मापनको एउटा महत्वपूर्ण साधन मानिन्छ । विभिन्न कक्षाहरुमा विद्यालयहरुले लिएका वार्षिक परीक्षाहरुको नतिजालाई आधार मानेर गरिएको यो अध्ययनमा छनोट परेका पाँचवटा सामुदायिक प्रा.वि. हरु मध्ये सबै भन्दा कम विद्यार्थी भएको जनता प्रा. वि. पाँचकन्यामा ५० जना विद्यार्थीहरु मध्ये ६ जना विद्यार्थीहरुमात्र असफल भएको देखिन्छ । दिवा खाजाको समेत व्यवस्था भएको सामुदायिक प्रा.वि. रणदेवी प्रा.वि. पाँचकन्या हो । यो विद्यालयमा १३० जना विद्यार्थीहरु विद्यालयको बार्षिक परीक्षामा सहभागी भएकामा सबै कक्षामा गरी जम्मा ८१ विद्यार्थीले मात्र वार्षिक परीक्षा उत्तीर्ण गरेको र ४९ जना विद्यार्थी अनुत्तीण भएको देखिन्छ । जनता प्रा.वि. धरान १५ मा रहेका ८७ जना विद्यार्थीहरु मध्ये७० जना विद्यार्थीहरुले वार्षिक परीक्षाको नतिजा अनुसार सफलता प्राप्त गरेको देखिन्छ भने १७ जना विद्यार्थीहरु विभिन्न विषयमा असफल भएको देखिन्छ । भरौल गा.वि.स. मा रहेको रामजानकी प्रा.वि. मा बार्षिक परीक्षामा सामेल भएका १३६ जना विद्यार्थीहरुमा ३८ जना विद्यार्थी विद्यालयले लिएको वार्षिक परीक्षामा असफल भएको पाइयो भने ९८ जना विद्यार्थीले परीक्षामा सफलता प्राप्त गरेको पाइयो ।  छनोटमा परेको अर्को विद्यालय हो वराहक्षेत्र गा. वि.स.को जलदेवी प्रा.वि. । यो विद्यालयमा वि.सं. २०७० सालको वार्पिक परीक्षामा सामेल भएका विद्यार्थीहरुको संख्या १३४ थियो जसमा जम्मा १०जना विद्यार्थीहरु मात्र असफल भएको पाइयो ।यो नतीजालाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ

चित्र नं. ३

सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थीहरुको संख्याले शिक्षण सिकाइको अवस्थामा पारेको प्रभाव




विद्यालयहरु

माथिको स्तम्भचित्रमा लम्बीय रुपमा विद्यार्थीको संख्या राखिएको छ । धरातलीय रुपमा छनौटमा परेका पाँचवटा विद्यालयहरुलाई क्रमशः १ जनता प्रा.वि. पाँचकन्या, २ रणदेवी प्रा.वि. पाँचकन्या, ३ जनता प्रा.वि. धरान, ४ रामजानकी प्रा. वि., ५ जलदेवी प्रा.वि. बराहक्षेत्र राखिएको छ ।

सामुदायिक प्राथमिक विद्यालयहरुको सिकाइ उपलब्धिलाई अध्ययन गर्ने क्रममा प्राप्त भएको तथ्याङ्का आधारमा विद्यालयमा घटदै गएको विद्यार्थी भर्नाको अवस्थाले सम्बन्धित सवै पक्षलाई चिन्तित तुल्याएता पनि सिकाइको स्तर सुधार गर्नमा खासै चिन्ता रहेको पाइएन । अध्ययनमा परेका पाँचवटा विद्यालयहरुको वार्षिक परीक्षामा सामेल जम्मा विद्यार्थी संख्या ५३७ रहेकोमा असफल हुने विद्यार्थीको संख्या ११०छ । यसलाई प्रतिशतमा लैजाँदा २०.४८ प्रतिशत भएको पाइयो । यो निकै ठूलो असफलता हो ।

विद्यालयीय आधारमा छुट्याएर हेर्ने हो भने सवैभन्दा राम्रो सिकाइ उपलब्धि प्राप्त भएको विद्यालय जलदेवी प्रा.वि. वराहक्षेत्र हो । यो विद्यालयमा जम्मा १०जना विद्यार्थी मात्र असफल भएको पाइयो । त्यसमा पनि कक्षा बढ्दै जाँदा असफल हुने विद्यार्थीको संख्या

घट्दै गएको पाइयो । कक्षा ५ मा कुनैपनि  विद्यार्थी असफल भएको पाइएन । यो कुल विद्यार्थी संख्याको ७.४६ प्रतिशत मात्र हो । यसलाई विद्यार्थी संख्याका आधारमा निक्कै राम्रो सिकाइ उपलब्धि मान्न सकिन्छ । यसैगरी सवैभन्दा बढी विद्यार्थी असफल भएको विद्यालय रणदेवी प्रा.वि. पाँचकन्या हो । यो विद्यालयमा वार्षिक परीक्षामा संलग्न भएका १३० जना विद्यार्थीहरु मध्ये असफल हुने विद्यार्थीको संख्या ३९ रहेको पाइयो । यो कुल विद्यार्थीको ३० प्रतिशत हो । यो तथ्याङ्कलाई आधार मान्ने हो भने विद्यार्थी संख्या घट्दै गएपनि सिकाइ उपलब्धिमा सुधार आउन नसकेको स्पष्ट देखिन्छ साथै विद्यार्थी भर्नामा चाचा, नाना र खाजाले प्रभाव पारेर संख्या वृद्धि गर्न सकिएता पनि यस्ता कुराहरुबाट विद्यार्थीहरुको शैक्षिक गुणस्तरमा सुधार गरी सिकाइ उपलब्धि बढाउन सकिदैन भन्ने तथ्यलाई पुष्टि गरेको पाइयो ।

विद्यार्थीहरुको संख्या दिनानुदिन घट्दै जाँदा सिकाइ उपलब्धी बड्नु पर्ने भएता पनि निम्न पक्षहरुको असरले वृद्धि हुन नसकेको कुरा शिक्षक, प्र.अ., अभिभावक तथा विद्यार्थीहरुसंग गरिएको प्रश्नोत्तर तथा समुह छलफलबाट प्राप्त गरिएको छ ।

विद्यालयमा हाल प्रयोगमा भइआएको शिक्षण शैली बालमैत्री हुन नसकेको पाइयो । शिक्षकहरु सबै तालिम प्राप्त भएता पनि तालिमलाई प्रभावकारी रुपमा कक्षाकोठामा प्रयोग नभएको पाइयो । शिक्षक सिकाइ क्रियाकलापहरु पनि प्रभावकारी हुन नसकेको पाइयो । सबैभन्दा महत्वपूर्ण पक्ष विद्यार्थी हुन तर विद्यार्थीको पढाइ प्रतिको चासो सारै कम रहेको पाइयो भने अभिभावकको ध्यान विद्यार्थीको पढाइ प्रति पटक्कै गएको पाइएन । विद्यालयका गतिविधले पनि अभिभावकको ध्यान विद्यालयतर्फ आकर्षण गर्न नसकेको पाइयो । विद्यालयीय गतिविधिमा सरोकार राख्नुपर्ने सरोकारहरुको चासो पनि विद्यालय प्रति कम रहेको पाइयो । विद्यालय समय बाहेक विद्यार्थीको सिकाइ उपलब्धि बढाउन अभिभावकले घर परिवारको वातावरण उपयुक्त बनाए विद्यार्थीलाई पर्याप्त सहयोग गनुपर्ने भएता पनि विद्यार्थीसँग गरेको समुह छलफलका क्रममा त्यस्तो सहयोग नहुने गरेको पाइयो ।

सामुदायिक विद्यालयका अधिकाँस अभिभावकको पेसा मजदुरी रहेको पाइयो । जसका कारण विहान नानीहरु नउठ्दै घरायसी काम सकी मजदुरीका लागि काम गर्ने ठाउँमा उपस्थित हुनु पर्ने वाध्यताका कारण आफ्ना नानीहरुको पढाइमा चासो राख्न नसकेको पाइयो । मानिसलाई बाच्नका लागि गाँस वास र कपासको समस्या सबैभन्दा

पहिले टार्नु पर्ने हुन्छ यो समस्या सँग जझ्दै अभिभावकले समय नपाएका कारण विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा सुधार हुन नसकेको पाइयो । मानिसका आधारभुत आवश्यकताहरुको परिपूर्ति भएपछि मात्र मानिस सुरक्षात्मक आवश्यकताको खोजीमा लाग्दछ भन्ने अब्राहम मास्लोको आवश्यकताको सिद्धान्त वास्तवमा नै सामुदायिक विद्यालयका अभिभावकहरुको जीवनमा लागु भएको पाइन्छ । विहान बेलुकीको छाक टार्नका लागि सधैं व्यस्त रहने अभिभावकले बालबालिकाको पढाइलेखाइमा सहयोग पु¥याउन नसक्नु उनीहरुको रहर नभएर बाध्यता रहेको पाइयो ।

गाँस, बास र कपास जस्ता अति आवश्यक समस्याहरुको पूर्ति नभएसम्म अन्य आवश्यकताहरु गौण रहन्छन् । क्रमशः यो आवश्यकताको श्रृङ्खला मा अगाडिको खुड्किलो चड्दै जाने गर्दछ । मास्लोको यो सिद्धान्त सामदायिक प्राथमिक विद्यालयका अभिभावकहरुमा पनि लागु हुन्छ । जब सम्म आमाबाबाहरुले आधारभूत आवश्यकताका रुपमा रहेका गाँस बास र कपासको परिपूति गर्न सक्दैनन् तवसम्म उनीहरुले आफ्ना बालबालिकाहरुलाई विद्यालयमा पठाइ शिक्षा दिन सक्दैनन् । विद्यालयमा भर्ना गराइहाले पनि विहान वेलुकीको छाक टार्ने समस्यामा नै केन्द्रित भइरहने भएकाले आफ्ना नानीहरुको शिक्षा-दीक्षाप्रति अभिभावकले वातावरण र सहयोग प्रदान गर्न सक्दैनन् ।

विद्यालय एउटा विशुद्ध शैक्षिक संस्था हो । यहाँ शिक्षण सिकाइका विभिन्न क्रियाकलापहरु सञ्चालन हुनु स्वाभाविक हो । यसका अतिरिक्त शैक्षिक गतिविधिलाई सहयोगी हुने पछिल्लो समयमा विकसित विभिन्न किसिमका प्रविधिहरुको प्रयोग गरी आधुनिक वैज्ञानिक युगको संकेत विद्यार्थीलाई दिन विद्यालय तथा सरकार असफल रहेको पाइयो । विद्यालय व्यवस्थापन समिति निर्माण प्रक्रियाले विद्यालय भित्र राजनैतिक हस्तक्षेप गरेको पाइयो । विद्यालय व्यवस्थापन समितिको निर्वाचनमा लामो समयदेखि हुन नसकेको स्थानीय निकायको निर्वाचन पो हुँदैछ कि भन्ने झल्को दिने गरेको पाइयो ।

# परिच्छेद पाँच

## सारसंक्षेप, निष्कर्ष र उपयोगिता

### ५.१ सारसंक्षेप

यस अनुसन्धानका क्रममा अन्सन्धानकर्ताले प्राप्त गरेका महत्वपूर्ण तथ्यहरुलाई अध्ययनको सारसंक्षेपका रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- सामुदायिक प्राथमिक विद्यालयहरुमा विगत केही वर्ष यता निरन्तर रुपमा विद्यार्थीहरुको भर्ना दरमा कमी आइरहेको,
- शिक्षण सिकाइ वातावरणले विद्यार्थी भर्नामा प्रभाव पारेको,
- विद्यालयको व्यवस्थापन कमजोर रहेको,
- सामुदायिक विद्यालयहरुले संस्थागत विद्यालयहरुसँग प्रतिस्पर्धा गर्न नसकोको
- स्रोत र साधनको अभावका कारण सामुदायिक विद्यालयहरु परम्परागत शैलीबाट संचालन भइरहेको,
- स्थानीय समुदायलाई संस्थागत विद्यालयको विज्ञापन तथा समाजका अगुवाहरुको संस्थागत विद्यालयप्रतिको मोहका कारण संस्थागत विद्यालय तर्फ नै आकर्षण गरेको,
- सामुदायिक प्रा. वि. हरुले समयको माग अनुसार अंग्रेजी माध्यमबाट अध्यापन गराइएता पनि प्रभावकारी बन्न नसकेको,
- विद्यालयको आर्थिक स्रोत कमजोर रहेको,
- विद्यालयमा पर्याप्त भौतिक साधनको अभाव रहेको,
- शिक्षकहरुको कामको सही मूल्याङ्कन गरी उचीत दण्ड र पुरस्कारको व्यवस्था नभएको,
- अत्तिरिक्त क्रियाकलाप नियमित र व्यवस्थित रुपमा संचालन हुन नसकेको
- राजनैतिक क्रियाकलापहरुबाट प्रभावित हुने गरेको,

- विद्यालयको वर्तमान अवस्थाप्रति शिक्षक, प्रधानाध्यपक, अभिभावक तथा स्थानीय जनसमुदाय सबै चिन्तित भएको,
- भर्नादर घट्नुमा देशको जनसंख्या वृद्धिदरले पनि प्रभाव पारेको,
- विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन विद्यालयमा दिवा खाजा कार्यक्रम पनि धेरै सफल हुन नसकेको,
- विद्यार्थी संख्यामा कमी आएता पनि सिकाइको अवस्थामा भने अपेक्षाकृत उपलब्धि प्राप्त हुन नसकेको,
- नजिकमा सामुदायिक विद्यालय नभएका स्थानमा भएका सामुदायिक विद्यालयहरुको सिकाइ स्तर निक्कै राम्रो भएक,ो
- निःशुल्क शिक्षाप्रति अभिभावकको आत्माविश्वासमा कमी रहेको,
- सामुदायिक प्राथमिक विद्यालयहरुको शैक्षिक गुणस्तर खस्कदै गएको,
- उदार कक्षान्नोतिले विद्यार्थीहरुलाई साक्षर बनाउन नसकेको,
- सिकारुको इच्छा अनुसारका विषयवस्तुहरुको प्रयोग नभएको,
- विद्यालयमा विद्यार्थी संख्या घट्दै गएपनि सिकाइ उपलब्धिमा सुधार आउन नसकेको ।

## ५.२ निष्कर्ष

प्रस्तुत प्राथमिक विद्यालयको भर्ना स्थिति र शिक्षण सिकाइमा यसको प्रभाव विषयक अध्ययनले सामुदायिक प्राथमिक विद्यालयहरुमा विद्यार्थीहरुको उपस्थिति दिनानुदिन घट्दै गइरहेको डरलाग्दो वास्तविकतालाई देखाएको छ । यहाँ सामुदायिक प्रा.वि.हरुसँग सम्बन्धित समस्याहरुको सही पहिचाहन गरी समस्याको गहिराइ सम्म पुगेर वस्तुगत अध्ययन गर्ने प्रयाश गरिएको छ ।यस अध्ययनबाट शिक्षा क्षेत्रका समस्याहरुको समाधानका लागि सम्बन्धित निकायहरुलाई उचित उपायको खोजी गर्न सहयोग पुग्नेछ ।

प्राथमिक विद्यालयको विद्यार्थीहरुको भर्ना स्थिति र शिक्षण सिकाइमा यसको प्रभावलाई अध्ययन गर्दा  यो अवस्था आज एकै पटक आएको होइन विगत लामो समयदेखिका सामुदायिक प्रा.वि. का गतिविधिहरुले यसलाई प्रभावित गरेका छ । यसमा अध्यापन को परम्परागत शैली, समायानुकूलको प्रविधि प्रयागको अभाव, माध्यमभाषा नेपाली हुनु, विद्यार्थीहरुको रेखदेखको व्यवस्था नहुनु, विद्यालयको आर्थिक स्रोत कमजोर हुनु,

शिक्षकहरुलाई कामका आधारमा प्रोत्साहित नगरिनु, विद्यालयभित्र व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका नाममा राजनैतिक गतिविधिहरु हुनु, शिक्षण सिकाइको वातावरणले विद्यार्थीहरुलाई आकर्षण गर्न नसक्नु, निःशुल्क शिक्षाप्रति अभिभावकको आत्मविश्वास नहुनु, दिन-प्रतिदिन विद्यालयको शैक्षिक गुणस्तर खस्कँदै जानु, उदार कक्षान्नोतिले विद्यार्थीलाई साक्षर बनाउन नसक्नु आदि विद्यार्थी भर्नामा समस्याका रुपमा देखापरेका छन् ।

विद्यार्थी भर्नामा आएको कमीको प्रत्यक्ष असर विद्यार्थीको सिकाइ उपलब्धिमा परेको देखिन्छ । विद्यार्थी संख्यामा आएको कमीका कारण विद्यार्थीहरुको उत्तीर्ण हुने संख्यामा भने धेरै सुधार आएको पाइएन । नजिकमा संस्थागत विद्यालय नभएको ठाउँका विद्यालयहरुको सिकाइ उपलब्धि निक्कै  राम्रो रहेकोछ।जलदेवी प्रा. वि. वराहक्षेत्रकाविद्यार्थीको उत्तीर्ण प्रतिशतबाट यो तथ्य प्रष्ट पार्न सकिन्छ । नजिकमा संस्थागत विद्यालय भएका स्थानहरुमा सामुदायिक विद्यालयमा सिकाइ उपलब्धि कमजोर रहेको र संस्थागत विद्यालयको छाया परेको देखिएको छ ।  विद्यार्थीलाई खाना, नाना र चाचाले आकर्षण गरेर विद्यार्थीको संख्यामा बृद्धि गर्न सकेता पनि यसले सोचे अनुसारको परिणाम दिन सक्दैन भन्ने तथ्यलाई पनि यो अध्ययनले देखाएको छ । जलदेवी प्रा.वि. वराहक्षेत्रमा कक्षा बढ्दै जाँदा विद्यार्थीको असफल हुने संख्या शून्यमा पुग्नु र दिवा खाजाको व्यवस्था भएको रणदेवी प्रा.वि. मा विद्यार्थीको सिकाइ उपलब्धी कमजोर देखिनु यसको उदाहरण हो ।

सामुदायिक विद्यालयको सिक्षण सिकाइ उपलब्धीमा सुधार हुन नसक्नुमा सामुदायिक विद्यालयका अभिभावकहरुले शैक्षिक गतिविधिप्रति चासो राख्न नसक्नु सवै भन्दा कमजोर पक्ष हो । विद्यालयमा शिक्षकहरुले लेख्न पढ्नका लागि दिएको गृहकार्यमा मात्र पनि अभिभावकले ध्यान दिदैंनन् । सामुदायिक विद्यालयहरुमा पढ्न आउने वालवालिकाका अभिभावकहरु प्राय मजदुरी पेसामा संलग्न भएकाले पनि विद्यार्थीको पढाइप्रति ध्यान दिन सकेका छैनन् । विद्यार्थी स्वयंले घरायसी कामको बोझ बोक्नु पर्ने भएकाले पढाइमा त्यति समय दिन सकेका छैनन् । उनीहरुप्रति पढाइको आकर्षण घट्नुका कारण प्रविधिको विकास पनि हो । घरघरमा पुगेको टेलिभिजन र मोबाइलको प्रयोगले विद्यार्थीहरुलाई पढाइ भन्दा ती साधनहरुमा व्यस्त बनाएको छ ।

## ५.३ उपयोगिता

सामुदायिक प्राथमिक विद्यालयहरुमा विद्यार्थी भर्नादरमा सुधार ल्याउन र यी विद्यालयहरुको शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउनका लागि निम्न कार्यहरु गरिनु पर्ने देखिन्छ :

### ५.३.१ नीति निर्माणका तहमा

- सामुदायिक प्रा.वि.हरुमा उपयुक्त वातावरणको सृजना गरी अंग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था मिलाइनु पर्दछ ।
- साना नानीहरुको हेरचाहका निम्ति धाईआमाको व्यवस्था गरिनुपर्दछ ।
- शिक्षा नितिमा समय सापेक्ष सुधार गरिनु पर्दछ ।
- च्याउ झैं उम्रिएका संस्थागत विद्यालयको दर्ता प्रकृयामा कडाइको व्यवस्था गरिनु पर्दछ ।
- विद्यालयहरुलाई राजनैतिक गतिविधिहरुबाट भिन्न राख्ने वातावरण बनाइनु पर्दछ ।
- विद्यालयका शिक्षकहरुका बीचको भेदभावपूर्ण व्यवहार ( स्थाई, अस्थाई, पी. सी. एफ., राहत आदि जस्ता)को अन्त्य गरी निर्धक्क रुपले पठनपाठनमा लाग्ने वातावरणको सृजना गरिनुपर्दछ ।

### ५.३.२ कार्यान्वयनका तहमा

- विद्यालयमा हुनुपर्ने भौतिक अवस्थामा सुधार गर्नु पर्दछ । जस्तैः चमेनागृहको व्यवस्था, शौचालयको सफाइको व्यवस्था, साना नानीहरुका लागि आकर्षक खेलका सामग्रीको व्यवस्था आदि ।
- अध्ययनका लागि समयसापेक्ष प्रविधिको प्रयोग गरिनु पर्दछ ।
- अतिरिक्त क्रियाकलापलाई नियमित र व्यवस्थित रुपमा संचालन गरिनु पर्दछ ।
- आवश्यकता अनुसारका खेलकुदका सामाग्रीहरुको व्यवस्था गरिनु पर्दछ ।
- शिक्षकहरुको कामको आधारमा प्रोत्साहनको व्यवस्था गरिनुपर्दछ ।

- विद्यालयलाई वाल मैत्री बनाउँदै लैजानु पर्दछ ।
- शिक्षक विद्यार्थी र अभिभावक वीचको सम्बन्धलाई समन्वयात्मक रुपम मजबुत बनाउनुपर्दछ ।
- उत्कृष्ट नतिजा निकाल्न सफल शिक्षकलाई उसको शिक्षण कला सार्वजनिक गर्ने वातावरणको व्यवस्था गरिनुपर्दछ ।
- निरन्तर मूल्याङ्कन प्रणालीलाई व्यवस्थित रुपमा यसको मर्म अनुसार संचालन गरिनुपर्दछ ।
- विद्यालयप्रति अभिभावकको चासो बढाउन र आफ्ना नानीहरु प्रति उत्तरदायी बनाउन अनिवार्य रुपले महिनामा एक दिन अभिभावक भेला गरी उनीहरुका नानीहरुको शैक्षिक अवस्थाको जानकारी गराउने व्यवस्था गरिनु पर्दछ ।
- खस्कदो शैक्षिक गुणस्तरमा सुधार ल्याउनका लागि कक्षाकोठामा प्रयोग हुनसक्ने किसिमको तालिम शिक्षकलाई उपलब्ध गराउनु पर्दछ ।
- विद्यार्थीका रुचि अनुसारका विषयवस्तुहरुको प्रयोग गरिनु पर्दछ ।

### ५.३.३ पछिल्ला अनुसन्धानहरुका लागि

- निशुल्क शिक्षाप्रति अभिभावकहरूको विकर्षण,
- सामुदायिक प्राथमिक विद्यालयहरुको शैक्षिक गुणस्तर खस्कदै जानुका कारणहरु,
- उदार कक्षोन्नति प्रणालीको वस्तुगत उद्देश्य परिपूर्तिमा देखिएका समस्याहरु,
- पारिवारिक विचलनले बालबालिकाको अध्ययनमा पारेको प्रभाव,
- अभिभावकको सामाजिक आर्थिक अवस्थाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव ।

## सन्दर्भग्रन्थसूची


अधिकारी र साथीहरु, (२०७०) **शैक्षिक योजना तथा व्यवस्थापन समाज नेपाल, EPMAN,** वैशाख volume 3, शिक्षाशास्त्र केन्द्रीय विभाग ।

**उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन** (२०५५) श्री ५को सरकार, शिक्षा मन्त्रालय ।

उपाध्याय, लोकप्रसाद,(२०६१) **प्राथमिक विद्यालयहरुको शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने तत्वहरु,** (अप्र.शोध), त्रि.वि. महेन्द्ररत्न क्या. ताहचल ।

काफ्ले, बासुदेव, विष्ट, मीनबहादुर, सिन्हा, रामस्वरुप, श्रेष्ठ, चन्द्रबहादुर, (२०६०) **शैक्षिक योजना**, काठमाडौं, भुँडीपुराण प्रकाशन ।

कोइराला, विश्वनाथ, श्रेष्ठ, चन्द्रबहादुर, (२०६६) **शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,** भोटाहिटी, काठमाडौं, भुँडीपुराण प्रकाशन ।

खनाल, पेशल, (२०६५) **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौं, सनलाइट पब्लिकेशन ।

चौधरी, लक्ष्मीप्रसाद, (२०६९) **प्राथमिक तहमा उदार कक्षोन्नतिले विद्यार्थीको सहभागितामा पारेको प्रभाव(** अप्र. शोध) सुकुना ब. क्या. ।

ढकाल, माधवप्रसाद, कोइराला, मातृकाप्रसाद, (२०६४) **शिक्षाका आधारहरु,** काठमाडौं, रत्न पुस्तक भण्डार ।

**तीनवर्षीय अन्तरिम योजना** (२०६४ ०६५- २०६६ ०६७), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार,काठमाडौं ।

**नेपालमा विद्यालयशिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप -२०६३,** नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

भट्टराई, जे.के., (१९९९) **प्राथमिक तहका विद्यार्थीले कक्षा छाड्ने कारण**, (अप्र.शोध) त्रि.वि. विश्वविद्यालय क्या. कीर्तिपुर ।

राई, रणबहादुर, (२०६६) **अभिभावकको आर्थिक स्थितिले प्राथमिक तहको विद्यार्थीको शैक्षिक उपलब्धिमा पारेको प्रभाव**, (अप्र. शोध) त्रि.वि. सुकुना ब. क्या.

**राष्ट्रिय पाठ्यक्रम प्रारुप,** (२०६३) नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय ।

**विद्यालयशिक्षाको प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारणापत्र**, शिक्षासम्बन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन, (२०५८) ।

शर्मा, गोपीनाथ, (२०५८) **नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु,** काठमाडौं, मकालु बुक्स एण्ड पब्लिकेशन ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला, (शर्मा एण्ड शर्मा) (२०६५) **शिक्षाको परिचय**, काठमाडौं, एम. के.पब्लिशर्स एण्ड डिष्टीव्यूटर्स ।

**शिक्षा,** (२०६४) नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

शर्मा शिवाकोटी, आशा, (२०६२) **झापा जिल्लाको प्राथमिक विद्यालयमा दलित विद्यार्थीहरुको विद्यालय छोड्ने कारणहरुको एक अध्ययन** (अप्र. शोध) त्रि.वि. महेन्द्र रत्न क्या. ताहचल ।

**शैक्षिक गतिविधि**, सुनसरी, वर्ष १, अङ्क २,(२०६१) जि.शि.का. सुनसरी, यूनिसेफ फिल्ड अफिस, विराटनगर ।

**शैक्षिक गतिविधि**, सुनसरी, वर्ष २, अङ्क २,(२०६२) जि.शि.का. सुनसरी, यूनिसेफ फिल्ड अफिस, विराटनगर ।

साह, डोमी, (२०६९) **शिक्षण सिकाइ वातावरणले विद्यार्थी भर्नामा पारेको प्रभाव** (अप्र.शोध) त्रि.वि. सुकुना ब. क्या. ।

सुवेदी, बुद्धसागर, (२०६७) **प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन** (अप्र. शोध) त्रि.वि. सुकुना ब. क्या. ।

**शिक्षक शिक्षा,** (२०७१) शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी भक्तपुर ।

## अनुसूची १

## प्र.अ.का लागि सोधिने प्रश्हरू

१. यो विद्यालयमा तपाईंको सेवाअवधि कति भयो ?

क. ०-५  ख. ६-१०  ग. ११-१५  घ. १५ भन्दा बढी

२. प्र.अ. हुनु भएको कति भयो ?

क. ०-५  ख. ६-१०  ग. ११-१५  घ. १५ भन्दा बढी

३. यो विद्यालयमा कति शिक्षक कार्यरत छन् ?

क. ३ भन्दा कम  ख. ४-६  ग.७-१०  घ.१० भन्दा बढी

४. यो विद्यालयका सबै शिक्षकहरु तलिमप्राप्त छन्?

क. छन्  ख. छैनन्

५. तपाईंको विद्यालयमा कुन कुन शिक्षण विधिको प्रयोग भएका छन् ?

क. विद्यार्थी केन्द्रित  ख. शिक्षक केन्द्रित  ग. अन्तरक्रियात्मक  घ. नाटकीकरण

६. तपाईको विद्यालयको वातावरणमा विद्यार्थी खुशी छन् ?

क. छैनन्  ख. सामान्य खुशी छन्  ग. खुशी छन्  घ.अति खुशी छन्

७. विद्यालयमा भर्नाहुने विद्यार्थीको संख्या कति छ ?

क. ५० भन्दा कम  ख. ५०-१५०  ग. १५१-२५०  घ. २५० भन्दा बढी

८. विगतको तुलनामा विद्यार्थीहरुको संख्या घटबढ के छ ?

क. स्थिर  ख. बढ्दो  ग.घट्दो

९. विद्यार्थी भर्नाले शिक्षण सिकाइमा कस्तो प्रभाव पारेको छ ?

क. नकारात्मक  ख. सामान्य  ग. सकारात्मक  घ. अति सकारात्मक

१०. विद्यार्थी भर्नाले सिकाइ उपलब्धिलाई प्रभाव पारेको छ ?

क. नकारात्मक      ख. सामान्य    ग. सकारात्मक      घ. अति सकारात्मक

११. तपाइँको कक्षामा वार्षिक परीक्षा अगावै कक्षा छाड्ने विद्यार्थी कति छन् ?

क. १० भन्दा कम    ख. १५-२० जना    ग. २०-३० जना    घ. ३० जनाभन्दा बढी

१२. विद्यार्थी कम बढी हुनका कारणहरु के के हो

१२. विद्यार्थी भर्नाले सिकाइ उपलब्धिलाई कसरी प्रभाव पारेको छ ?

१३. विद्यार्थी भर्नादर बढाउन के गर्नुपर्ला ?

१४. विद्यार्थीको सिकाइ उपलब्धि बढाउन के गर्नुपर्ला ?  .

## अनुसूची २

### शिक्षकका लागि सोधिने प्रश्नहरू :

१. विद्यालयमा पढाउन थाल्नुभएको कति वर्ष भयो ?

क. ०-५ ख. ६-१० ग. ११-१५ घ. १५ भन्दा बढी

२. पढाईप्रति विद्यार्थीको रुचि कस्तो छ ?

क. कम ख. सामान्य ग. राम्रो घ. अति राम्रो

३. तपाइंको कक्षामा कति जना विद्यार्थी छन् ?

क. ५-१५ ख. १६-२५ ग. २६-३५ घ. ३५ भन्दा बढी

४. तपाईले शिक्षणसम्बन्धी तालिम लिनु भएको छ ?

क. छ ख. छैन

५. तपाईले शिक्षण गर्दा कुन कुन विधिको प्रयोग गर्नुहुन्छ ?

क. विद्यार्थी केन्द्रित ख. शिक्षक केन्द्रित ग. अन्तरक्रियात्मक घ. नाटकीकरण

६. विगत र वर्तमानको तुलना गर्दा विद्यार्थीभर्नादर कस्तो छ ?

क. स्थिर ख. बढ्दो ग.घट्दो

७. विद्यार्थी भर्नाले शिक्षण सिकाइमा कस्तो प्रभाव पारेको छ ?

क. नकारात्मक ख. सामान्य ग. सकारात्मक घ. अति सकारात्मक

८. विद्यार्थी भर्नाले सिकाई उपलब्धिलाई प्रभाव पारेको छ ?

क. छैनख. सामान्य ग. सकारात्मक घ. अति सकारात्मक

९. तपाइँको कक्षामा वार्षिक परीक्षा अगावै कक्षा छाड्ने विद्यार्थी कति छन् ?

क. १जना ख. २ जना ग. ३ जना घ. ३ जना भन्दा बढी

१०. विद्यालयमा अतिरिक्त क्रियाकलाप हुन्छ ?

क. हुन्छ      ख. हुँदैन      ग. आँशिक हुन्छ

११. अतिरिक्त क्रियाकलाप कहिले हुन्छ ?

क. साप्ताहिक      ख.मासिक      ग.वार्षिक उत्सवका अवसरमा

१२. विद्यार्थी कम बढी हुनका कारणहरु के के होलान्?

१३. विद्यार्थी भर्नाले सिकाइ उपलब्धिलाई कसरी प्रभाव पारेको छ?

१४. विद्यार्थी भर्नादर बढाउन के गर्नुपर्ला ?

१५. विद्यार्थीको सिकाइ उपलब्धी बढाउन के गर्नुपर्ला ?

## अनुसूची ३

### अभिभावक तथा स्थानीय व्यक्तिलाई सोधिने प्रश्नहरू:

१. तपाईंका छोराछोरी कति जना छन् ?

क. १  ख. २  ग. ३  घ. ४ र सो भन्दा बढी

२. तपाईंका छोराछोरी कहाँ पढ्छन् ?

क. सामुदायिक विद्यालय  ख. संस्थागत विद्यालय ग.गुरुकुल  घ. अन्य ठाउँमा

३. तपाईंको घर नजिकमा सामुदायिक विद्यालय छ ?

क. छ  ख. छैन

४. तपाईंको पेसा के छ ?

क. कृषि  ख. मजदुरी  ग. नोकरी  घ. अन्य

५. तपाईंको परिवार संख्या कति छ ?

क. ४ जना सम्मको  ख. ५ जनाको  ग. ६ जनाको  घ. ६ जना भन्दा बढीको

७. तपाईंको घर नजिकमा संस्थागतविद्यलय (वोर्डिङ स्कुल ) छ ?

क. छ  ख. छैन

८. तपाईको घर नजीकको सामुदायिक विद्यलयमा कति विद्यार्थी पढ्छन् ?

९. सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरु नियमित रुपमा विद्यालय आउँछन् ?

१० .सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको पढाई छाड्ने कारण के के होलान् ?

१२. ती विद्यार्थीहरुको सिकाइको स्तर कस्तो छ ?

१२. ती विद्यार्थीहरुको सिकाइको स्तर बढाउन के गर्नु पर्ला ?

## अनुसूची ४

## समूह छलफलका लागि प्रस्तुत गरिने प्रश्नहरू :

१. पढाइ लेखाइका लागि विद्यलयको कस्तो वातावरण चाहिन्छ ?

२. घरमा पढाइको वातावरण कस्तो छ ?

३. तिमीहरुका आमाबाबाले के काम गर्नुहुन्छ ?

४. आमाबाबाले गर्ने कामले तिमीहरुको पढाइमा कस्तो सहयोग भएको छ ?

५.तिमीहरुको विद्यालयमा पढ्न आएका साथीहरुले किन वीचैमा पढाइ छाड्छन् ?

६. तिमीहरु मध्येका केही साथीहरु परीक्षामा फेल हुने कारणहरु के के होलान् ?

७. पढाइका लागि विद्यालयको वातावरण कस्तो छ ?

## अनुसूची ५

## सामुदायिक प्राथमिक विद्यालय

कक्षा अवलोकन फारम (रुजु सुची ) २०७०

विद्यालयको नाम :

ठेगाना : कक्षा :

उपयुक्त कोठामा रेजा लगाउनुहोस्

| क्रम संख्या | मापनका पक्षहरु | छ | छैन | आंशिक छ |
|---|---|---|---|---|
| १ | व्यवस्थित कक्षाकोठा | | | |
| २ | विद्यार्थीको नियमित उपस्थिति | | | |
| ३ | शैक्षिक सामग्रीको उपलब्धता | | | |
| ४ | शैक्षिक सामग्रीको प्रयोग | | | |
| ५ | कक्षाकार्य र गृहकार्यको व्यवस्था | | | |
| ६ | उत्प्रेरणाको प्रयोग | | | |
| ७ | मापदण्ड अनुसारको विद्यार्थी संख्या | | | |
| ८ | बालकेन्द्रित शिक्षण विधिको प्रयोग | | | |
| ९ | निरन्तर विद्यार्थी मूल्याङ्कन | | | |
| १० | विद्यार्थी वीचको समन्वय | | | |

अवलोकनकर्ता :

हस्ताक्षर :

मिति :

# अनुसूची ६

## सामुदायिक प्राथमिक विद्यालय

अवलोकन फारम ( रुजु सुची ) २०७०

विद्यालयको नाम :

ठेगाना :

उपयुक्त कोठामा रेजा लगाउनुहोस्

| क्रम संख्या | मापनका पक्षहरु | छ | छैन | आंशिक छ |
|---|---|---|---|---|
| १ | सरसफाई | | | |
| २ | खानेपानी | | | |
| ३ | शौचालय | | | |
| ४ | विजुली | | | |
| ५ | खेलमैदान | | | |
| ६ | खेल सामग्री | | | |
| ७ | विद्यालय पोशाक | | | |
| ८ | विज्ञान प्रयोगशाला | | | |
| ९ | पुस्तकालय | | | |
| १० | अतिरिक्त क्रियाकलापको व्यवस्था | | | |
| ११ | शिक्षकको नियमितता | | | |
| १२ | नियमित प्रार्थना सभा | | | |

अवलोकनकर्ता :

हस्ताक्षर :

मिति :

## अनुसुची ७

## सामुदायिक प्राथमिक विद्यालयहरुको विद्यार्थी भर्ना र विद्यालय छाड्ने संख्या

### ४.१.४.१ जनता प्रा. वि. पाँचकन्या

| साल | २०६८ | | २०६९ | | २०७० | |
|---|---|---|---|---|---|---|
| कक्षा | भर्ना भएका | कक्षा छोड्ने | भर्ना भएका | कक्षा छोड्ने | भर्ना भएका | कक्षा छोड्ने |
| १ | १७ | ३ | १५ | २ | ८ | १ |
| २ | २१ | ३ | १४ | १ | १२ | २ |
| ३ | २२ | २ | १७ | १ | १३ | ४ |
| ४ | २६ | ४ | १७ | ३ | १३ | २ |
| ५ | २५ | २ | २१ | २ | १७ | ४ |
| जम्मा | १०१ | १४ | ८४ | ९ | ६३ | १३ |

### ४.१.४.२ रणदेवी प्रा.वि. पाँचकन्या

| साल | २०६८ | | २०६९ | | २०७० | |
|---|---|---|---|---|---|---|
| कक्षा | भर्ना भएका | कक्षा छोड्ने | भर्ना भएका | कक्षा छोड्ने | भर्ना भएका | कक्षा छोड्ने |
| १ | ३४ | ३ | ३५ | २ | २५ | ४ |
| २ | ४२ | २ | ३३ | ३ | २९ | ३ |
| ३ | ३९ | २ | ३६ | ३ | ३२ | ४ |
| ४ | ३९ | १ | ३५ | २ | ३२ | ३ |
| ५ | ४३ | ३ | ३४ | १ | ३० | ४ |
| जम्मा | १९७ | ११ | १७३ | ११ | १५८ | १८ |

### १.४.३ जनता प्रा.वि. धरान

| कक्षा | भर्ना भएका | कक्षा छोड्ने | भर्ना भएका | कक्षा छोड्ने | भर्ना भएका | कक्षा छोड्ने |
|---|---|---|---|---|---|---|
| १ | ३१ | ४ | २१ | ३ | १३ | २ |
| २ | ३५ | २ | २५ | ४ | १३ | १ |
| ३ | ३२ | २ | ३० | ६ | २१ | २ |
| ४ | ३५ | ३ | २९ | २ | २५ | ३ |
| ५ | ३५ | ३ | २९ | २ | २४ | १ |
| जम्मा | १६८ | १४ | १३४ | १७ | ९६ | ९ |

### ४.१.४.४ राम-जानकी प्रा.वि., भरौल

| साल | २०६८ | | २०६९ | | २०७० | |
|---|---|---|---|---|---|---|
| कक्षा | भर्ना भएका | कक्षा छोड्ने | भर्ना भएका | कक्षा छोड्ने | भर्ना भएका | कक्षा छोड्ने |
| १ | ४३ | २ | ३३ | ३ | २७ | ३ |
| २ | ३७ | ३ | ३७ | २ | २९ | १ |
| ३ | ४६ | ३ | ३५ | २ | ३५ | २ |
| ४ | ४७ | २ | ४३ | १ | ३० | ४ |
| ५ | ४३ | १ | ४६ | २ | ३७ | २ |
| जम्मा | २१६ | ११ | १९४ | १० | १५८ | १२ |

### ४.१.४.५ जलदेवी प्रा. वि., वराहक्षेत्र

| साल | २०६८ | | २०६९ | | २०७० | |
|---|---|---|---|---|---|---|
| कक्षा | भर्ना भएका | कक्षा छोड्ने | भर्ना भएका | कक्षा छोड्ने | भर्ना भएका | कक्षा छोड्ने |
| १ | २९ | १ | ३९ | २ | ३२ | १ |
| २ | ३६ | १ | २६ | १ | ३५ | १ |
| ३ | ३१ | ३ | ३१ | २ | २४ | २ |
| ४ | २४ | | २३ | १ | २८ | |
| ५ | २७ | १ | १५ | १ | १९ | |
| जम्मा | १४७ | ६ | १३४ | ७ | १४२ | ४ |